# प्रदेश सभा

# गण्डकी प्रदेश

# दशौं अधिवेशन

# (चौविसौँ बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मितिः २०७९।०३।२७ गते ।

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ११ बजेर २७ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, आजको वैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, अब माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनले मिति २०७९ असार २२ गते सभा समक्ष प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०७९ माथिको बाँकी छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, यस छलफलमा भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, यूवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय र भूमि व्यवस्था कृषि सहकारी तथा गरीवि निवारण मन्त्रालय सम्बन्धित विषयहरुमा छलफल हुने व्यहोरा अनुरोध गर्दछु । छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्ना भनाईहरु राख्नु हुन अनुरोध गर्दछ । सर्वप्रथम माननीय सदस्य श्री सावित्रा रानालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने ।

**माननीय सावित्रा राना**

माननीय सभामुख महोदय, मन्त्रालय विशेष वार्षिक कार्यक्रमको छलफलमा छौं । म यो छलफलमा भाग लिनको लागि उपस्थित भइरहेको छु । सर्वप्रथम यो समय उपलव्ध गराउनु हुने सभामुखज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु । सर्वप्रथम मैले आज यो

गरीमामय सदनमा उपस्थित भइरहँदा यो सरकार सामाजिक सञ्जालमा भाइरल भइरहेको कुराले म यो सरकारप्रति दुःख व्यक्त गर्न चाहन्छु । मलाई लागिरहेको थियो, यो सरकारले ल्याउने नीति कार्यक्रम बजेट र वार्षिक कार्यक्रमहरुले असाध्यै धेरै राम्रा बजेट त आए भन्ने सन्दर्भमा हाम्रा सामाजिक सञ्जालका ती पानाहरुमा यो सरकार भाइरल हुनुपर्थ्यो, वाह सरकार ! भन्ने हुनुपर्थ्यो, तर त्यस्तो नभएर आज यो सरकार वदनामित हुने हिसावले आफ्ना कार्यक्रमहरु ल्याएका कारण आज सामाजिक सञ्जालमा यो सरकारको मात्र नभएर यो गरीमामय सदनको पनि हामी माननीज्यूहरुको पनि शिर उच्च होइन, शिर निहुरिने कार्यक्रम ल्याएका कारण आज यो सामाजिक सञ्जालमा, यो गण्डकी प्रदेश सरकार भाइरल भइरहेको छ । यस मानेमा, म दुःख व्यक्त गर्न चाहन्छु सभामुख महोदय । यो बजेट नीतिगत हिसावले वित्त आयोगको नियम विपरित आएका कारण पनि यो बजेटमा मेरो असहमति छ, यो बजेट त्रुटीपूर्ण छ यसकारण म र मेरो दलको तर्फबाट यो बजेटमा असहमति रहेको कुरा यहाँ राख्न चाहन्छु ।

सभामुख महोदय यो कार्यक्रम दीगो विकासको लक्ष्य, नेपाल सरकारको पन्ध्रौ पञ्चवर्षिय योजना, गण्डकी प्रदेशको पञ्चवर्षिय योजनाको लक्ष्य र उद्देश्यलाई यो कार्यक्रमले बिर्सेको छ सभामुख महोदय । औचित्य पुष्टि हुन नसक्ने गरी यो बजेट विनियोजन गरिएको छ, बाँडिएको छ, कार्यकर्तालाई मकै, भट्ट र खट्टेको रुपमा बाँडिएको यो बजेट देखाउँदै जनतामा भ्रम छर्ने, भोट प्रभावित गर्ने योजनामा आएको यो वार्षिक कार्यक्रमले केही उपलव्धि गर्ने देखिदैन सभामुख महोदय । वार्षिक उपलव्धि हुने कुरा देखिदैन । यो कनिका छरेजस्तो गरी छरिएको बजेटले एउटा उपलव्धि हासिल गर्न सक्छ । कहीं कतै जाँदा हाम्रा सत्ता गठवन्धनका माननीयज्यूहरुलाई मैले त तपाईंहरुको ठाउँमा बजेट त राखिएदिएको छु नि भन्ने एउटा न्यानो बाहेक अरु यसले केही दिन सक्दैन । यो बालुवामा पानी हालेजस्तै छ सभामुख महोदय यो बजेट । मैले बजेट वक्तव्यको छलफलमा पनि भनेको कुरा छ । यो वार्षिक कार्यक्रमले पुष्टी गरेको छ सभामुख महोदय । मैले भनेको थिएँ, बजेट विनियोजनको विधि कार्यकर्ताको खल्ती, सत्ता गठवन्धनका माननीयहरुको बिचमा भाग विलो र मन्त्रीहरुको मनोमानी मैले यसै भनेको होइन सभामुख महोदय, त्यस्तो खालको आवास हुन्थ्यो, नीति कार्यक्रमलाई हेर्दा त्यो विधि पनि अलिअलि लजाएको भए हुने थियो नि सभामुख महोदय । यो कार्यक्रम आउँदा, निर्वस्त्रै बन्यो र आयो यो कार्यक्रम, वार्षिक कार्यक्रममा आउँदा सभामुख महोदय यो बजेट । यो मैले भनेको होइन, यो कार्यक्रमले

गण्डकी प्रदेश सरकारलाई सामाजिक सञ्जालमा विश्वव्यापी भाइरल बनाइरहेको छ । मैले यहाँ प्रतिपक्षको नजरबाट मेरो आफ्नो दृष्टिकोणमा प्रयोग गरेको होइन सभामुख महोदय । यो सामाजिक सञ्जालमा भाइरल भइरहेका ती विषयवस्तुहरुले प्रष्ट्याइरहेको छ, यो सरकारलाई गिज्याइरहेको छ। मुलुक आज आर्थिक संकटमा छ, महंगीको मारमा जनताहरु छन्, रोग र भोकले पिल्सिएका जनताहरु गरीविका रेखामुनि परेका जनताहरुको चुलो बल्न सकिरहेको छैन। यो सरकारको ध्यान त्यतातिर छैन सभामुख महोदय । यो सरकारको ध्यान छ, यो सरकारी बजेटलाई कसरी दुरुपयोग गर्न सकिन्छ ? यो सरकारी बजेटलाई कसरी व्यक्तिगत हिसावले लाभमा परिणत गर्न सकिन्छ ? यतातिर यो सरकारको ध्यान छ ।

सभामुख महोदय, आज यो कार्यक्रम आइरहँदा यसले यस्तो पुष्टि गरिरहेको छ सभामुख महोदय । सरकारको मन्त्रीहरुले समस्या न्यूनीकरण गर्ने गरी गर्ने खालका कार्यक्रमहरु ल्याउनुपर्थ्यो । तर त्यस्तो नभएर सम्माननीय, आदरणीय, पूजनीय, स्वर्गिय माता र पिताहरुको नाउँमा कहीँ कतै ट्रष्ट बनाउने त, कहीँ कतै पार्क निर्माण गर्ने योजनाहरु पस्किएर यो सरकारले यो संघीयतामाथि नै प्रश्न उठाउने, जनताहरुले औंला उठाउने ठाउँमा यो कार्यक्रम अगाडि बढाइरहेको छ यो सरकारले । यस मानेमा, यो सरकार जनताको पक्षमा छैन भन्ने कुरा पुष्टि गरेको छ सभामुख महोदय । बजेटको वितरण समानुपातिक छैन, यो बजेटको वितरण समानुपातिक छैन भनिरहँदा यहाँहरुलाई लाग्न सक्छ, सबै ठाउँमा बजेट पुगेकै छ तर मैले त्यस्तो देखिरहेको छैन सभामुख महोदय । यो बजेटलाई यसो नियाँलिएर हेर्यो भने यी कार्यक्रमहरुलाई हेर्यो भने कुनै वाडमा २५—३० करोड बजेट देखिन्छ । कुनै पालिकाहरु सून्य प्रायःजस्तै देखिन्छन् । बजेट कहाँ छ त भनेर हामीले नियाँलेर हेर्यौं भने, मन्त्रीको जिल्ला कहाँ पर्छ ? त्यो जिल्ला मात्र होइन मन्त्रीज्यू कुन पालिकामा बस्नुहुन्छ ? कुन पालिकाको पनि कुन वाडमा बस्नुहुन्छ? केन्द्रित गरेर यहाँ बजेटहरु कार्यक्रममा आएका छन् सभामुख महोदय, यस अर्थमा, यो बजेट समानुपातिक हिसावले वितरण गरिएको छैन । यो बजेटले समग्र विकासको उद्देश्यलाई अगाडि बढाउन सक्दैन सभामुख महोदय । यस मानेमा, यो बजेटप्रति मेरो असहमति छ सभामुख महोदय । मन्त्रीहरुको पालिकामा हेर्यो भने पनि अलि औचित्य पुष्टी हुनेगरी बजेट विनियोजन गरेको भए त सुहाउथ्यो नि सभामुख महोदय । तर बजेटहरुका कार्यक्रम हेर्यो भने एउटै कार्यक्रम तीन ठाउँमा बजेट विनियोजन गरेको छ सभामुख महोदय । के यो कार्यक्रम

ल्याउने बेलामा यो सरकार अलि सिन्सेयर भएर हेर्नु पर्दैन सभामुख महोदय । कहीं कतै बजेट विना आज कुनै निर्वाचन क्षेत्रहरु सून्य प्रायः भइरहँदा, मैले यहाँ मेरो आफ्नै निर्वाचन क्षेत्रको कुरा पनि राख्न चाहन्छु । सामाजिक, आर्थिक, विकास र समृद्धीको आधार, यातायात पूर्वाधारको विकास भन्यौं र रणनीतिक महत्वका योजनाहरु बिर्सियौं । १ निर्वाचन क्षेत्र १ सडक पूर्वाधार कार्यक्रमहरु भन्यौं, तर ती योजनाहरुलाई सबै झारा टार्ने गरी बजेट राखेर हामीले कार्यक्रम मकै भट्ट बाँडेजस्तै गरी बाँड्यौ पालिकालाई १ सडक सञ्जालले जोड्ने योजना अलपत्र पार्यो सभामुख महोदय ।

म जैमिनीको सन्दर्भमा र मेरो निर्वाचनको क्षेत्रको सन्दर्भमा थोरै कुरा गर्न चाहन्छु सभामुख महोदय । हामीले वाग्लुङको दक्षिण भेगलाई जोड्ने नाकामा गत वर्षको बाढीपहिरोले बाटोलाई क्षतिविक्षत गराएर क्षेतीग्रत्य बनाएको थियो, त्यो बाटो बनाउने सन्दर्भमा हामी हाम्रो निर्वाचन क्षेत्रका पालिकाका नेतृत्वहरु र त्यहाँका माननीज्यूहरु पनि यो प्रदेश सरकारको ध्यानाकर्षण गराउनका लागि मुख्यमन्त्रीकोमा पनि पुगेको थियौं र हामीले ध्यानाकषर्ण गराएका थियौं । तर यो सरकार त्यतातिर ध्यान केन्द्रित गर्न चाहँदैन सभामुख महोदय । त्यहाँका जनताले सुख पाउन् कि दुःख पाउन् कि सुख पाउन् त्यतातिर ध्यान केनिद्रद गर्दैन । मैले यहाँ मेरो जिल्लाको मन्त्रीज्यू पनि देखिरहेको छु । तर त्यो बाटाले हामीलाई गिज्याइरहेको छ। अहिले पनि भारी वर्षा भयो भने त्यो दक्षिण भेगका मानिसहरु विरामी पर्दा पनि आफ्नो उपचारका लागि सदरमुकाम आउन नसक्ने परिस्थितिको त्यो बाटो छ, त्यो बाटो अलपत्रै पारिएको छ ।

१ जिल्ला १ निर्वाचन, १ जिल्ला एउटा बाटोको रुपमा रहेको जैमिनी पालिका जोड्ने बाटो पनि अहिले अलपत्र परेको छ । तर यो सरकार टोल टोलमा आफ्ना कार्यालयको आफ्नो घर जोड्ने बाटोतिर ध्यान केन्द्रित गर्दछ । यस मानेमा यो नीति र कार्यक्रमको म असमत छु । म भन्न चाहन्छु, यो सरकारले अवण्डा बजेटहरु राखेको छ त्यो अवण्डा बजेटहरुबाट यस्ता कार्यक्रमलाई संवोधन गरेर त्यहाँका जनताहरुको उत्तरदायित्व निभाउनका लागि म हार्दिक अनुरोध गर्दै मेरो आफ्नो भनाई यहीं अन्त गर्न चाहन्छु । नमस्कार । अभिवादन ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री विष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री दिलमाया रोका मगर ।

**माननीय विष्णु प्रसाद लामिछाने**

माननीय सभामुखज्यू, आज हामी विनियोजन विधेयक २०७९ अन्तर्गत विभिन्न मन्त्रालयले विनियोजन गरेको बजेटमाथि छलफल गर्दैछौं । वास्तवमा, यहाँ धेरै कुराहरु आएका छन् बजेटको बारेमा, वार्षिक कार्यक्रकको बारेमा मैले पनि सरसर्ती हेरें, वार्षिक कार्यक्रम, वार्षिक बजेट, यस प्रदेशको आवश्यकता, सरकारको लक्ष्य, नीति र कार्यक्रम अनुरुपै आएको मैले पाएको छु । विशेष गरेर, आजको शिर्षक अन्तर्गत केही कार्यक्रमहरु हिजै देखिका निरन्तरता छन् । हाम्रा प्रतिपक्षको माननीयज्यूहरुले बडा गजव तालले भन्नुभएको छ । यो बजेट एउटा पनि काम नलाग्ने छ, उहाँहरुको धेरै त्यो कुराहरु आएको छ, मलाई गज्जव लागेको छ । हिजो तत्कालिन सरकार हुँदा हामी प्रतिपक्षमा हुँदै गर्दा, म यहींबाटै बोल्दै गर्दा, नेकपा एमालेको सरकारले ल्याएको बजेटलाई यी यी कुराहरु ठिक ठिक बजेट ल्यायो है भनेर मैले भन्दै गर्दा मैले त्यतिखेर ठिकै भनेको छु कि, ठिकै गरेको छ कि भनेर म आफूले महसुस गरेको थिएँ । आज मलाई के लागिरहेको छ भने म त्यतिखेर गलत रहेछु कि भन्ने लागिराछ किनभने त्यो निरन्तर रुपमा आएका कार्यक्रमहरुलाई पनि यहाँले देख्नु भएन । ठिकै छ ल एकछिन, यो सरकारले ल्यायो, अहिले बनेको सरकारले ल्यायो, गठवन्धनको सरकारले ल्याएको कार्यक्रमलाई एकैछिन पन्छाइदिनुस् । हिजो आफ्नै सरकारले ल्याएका कार्यक्रमहरु पनि त्यो पुस्तकभित्र भएका कार्यक्रमहरु पनि उहाँले राम्रो देख्नुभएन, अर्थात् या हिजोको सरकारले ल्याएको कार्यक्रम नै गलत थियो, जुन कार्यक्रम अहिलेसम्म पनि हामीले यी कार्यक्रम राम्रै छ भनेर निरन्तरता दिइरहेका छौं, यो सरकारले निरन्तरता दिइरहेको छौं। यो सरकारले पनि निरन्तरता दिइएको छ, त्यो कार्यक्रम पनि वेठिक थियो भन्नु पर्ने भयो अथवा, चस्मा अर्को परेछ कि, चस्मा फेरिएछ कि भन्ने म आफूले महसुस गरेको छु। ठिक छ, सबै कार्यक्रमहरु राम्रा छैनन्, राम्रा छैनन् होइन त्रुटीपूर्ण होलान्, नपुगेका होलन् छैन म भन्दिन, आएका बजेटलाई मैले नराम्रो भन्दिन, जसकोमा परे पनि बजेट परेको छ । मेरैमा पर्नु पर्छ भन्ने होइन, आवश्यकता अनुसार बजेट यो प्रदेशको विकास गर्नको लागि जहाँ परे पनि परेको छ, परेको बजेटलाई काम गर्ने कुरालाई मैले नराम्रो भन्दै भन्दिन, भन्नै हुँदैन मैले, किनभने म एउटा जनप्रतिनिधि हो, जनताको पक्षमा

काम गर्नुपर्छ भनेर आएको हामीले । त्यसैले मेरो निर्वाचन क्षेत्रकोमात्रै, मेरो पालिकाभित्रको मात्रै, मेरो टोलभित्रको मात्रै, मेरो जनता हो भनेर भन्दिन म । यो प्रदेश जुनसुकै ठाउँमा पनि परेको विकास त्यो मेरो हो भनेर म आफूले मेरो हो भनेर गर्भका साथ मैले भन्न सक्नुपर्छ । त्यसैले परेन होइन, पुगेन, भएन होला स्रोत र साधन छ, थोरै बजेट छ त्यसको भएको हुनाले पुगेन होला, कतिपय ठाउँमा काम गर्दागर्दै सोच नपुगेको होला । ती सबै कुराहरुछन् यिनलाई सरकारले व्यवस्थित गर्नु पर्ने हुन्छ र गर्नुपर्छ भन्ने मलाई लागेको छ । यहाँ चर्चामा आएको कुरा केही छन् । मैले यहाँ बोल्नै पर्छ, ट्रष्टको कुरा आएको छ, विशेष गरेर गोवद्र्धन शर्माको बारेमा यहीँ ठाउँबाट कुरा आएको छ । मलाई दुःख लागेको छ सभामुख महोदय । प्रजातन्त्रको एउटा जसले ००७ भन्दा अगाडि देखि यो मुलुकको लागि लोकतान्तिक आन्दोलन पुरै समय दियो, सर्वस्व हरण भयो, यो मुलुकमा बस्ने आवस्था भएन, विदेशिने परिस्थिति भयो त्यो सबैको बावजुद । उसले नेतृत्व गरेको आन्दोलन ००७ सालको क्रान्तिमा सँग भएका मानिसहरुले साहदत प्राप्त गरे, सहिद भए, उहाँ बाँच्न सफल हुनुभयो एउटा जिउँदो सहिद यो त्यो । एउटा जिउँदो सहिदलाई प्रदेशले होइन राष्ट्रले सम्मान गर्नु पर्ने व्यक्तित्वलाई, एउटा ट्रष्ट ठिक छ राख्नु पर्थेन, पर्दैनथ्यो होला, मैले पनि राख्नु पर्छ भन्दिन, जुन हिसावले गोवद्र्धन पोखरेलको बारेमा चर्चाहरु आएका छन्, मलाई दुःख लागेको छ सभामुख महोदय । राज्यले सम्मान गर्नु पर्ने मान्छे, मुख्यमन्त्रीको पिताजी भएर होइन, त्यो मुख्यमन्त्रीको मागको आधारमा पनि होइन, यहाँ लोकतन्त्रलाई माया गर्ने, लोकतन्त्रका योद्धाहरुलाई, सहिदहरुलाई सम्मान गरिनु पर्छ भन्ने निकाय व्यक्ति संस्थाहरुबाट आएको माग हो त्यो एउटा कुनै व्यक्तिको मागको आधारमा राखिएको होइन त्यो ट्रष्ट । त्यसैले जुन हिसावले गोवद्र्धन पोखरेललाई यहाँ विवादमा ल्याउने काम गरिएको छ, त्यसप्रति मलाई दुःख लागेको छ । के राज्यले हिजो दुःख गरेका ती सहिदहरुलाई सम्मान गर्नु पर्दैन ? जसले यो मुलुकको आफ्ना आहुति दिएर मुलुकमा लोकतन्त्र ल्याउन यत्रो ठूलो आहुति दिएका उसलाई सम्झिनु पर्दैन ? जो जिउँदो सहिदको नाउँमा, अहिले पनि देखिन्छ तिनलाई सम्मान गर्नु पर्दैन ? हिजोका आन्दोलनमा लागेका कसैलाई सम्मान गर्नु पर्दैन? राज्यको त्यतापट् िदायित्व छैन । हामीले कागले कान लग्यो भन्दैमा कान छाम्नेतिर नलागेर पछि पछि लाग्ने प्रवृत्तिले हाम्रा यी सहिदहरु जसको सम्झनाले मात्रै पनि हाम्रो छाती गर्भले फुल्छ । भोलिका पुस्ताले यस्तै गर्दै जाने

हो भने यी सबै योगदानहरु भुल्ने छन् सभामुख महोदय । हाम्रा सहिदहरु, हाम्रा जिउँदा सहिदहरु, हाम्रा लोकतान्त्रिक आन्दोलनका योद्धाहरुलाई भुल्ने परिपाटी हुन सक्छ ।

त्यसैले यस्ता कुराहरुका बारेमा वहस गर्दा, छलफल गर्दा, कुन व्यक्तिको बारेमा छलफल गरिराखेको छु, उसको योगदान के हो ? उसले लगानी गरेको के हो यो मुलुकका लागि भन्ने कुरा सवैले बुझ्नुपर्छ मलाई लाग्छ सभामुख महोदय । बजेटको बारेमा वास्तवमा जे कुराहरु आएको छ, म पनि बजेट वैज्ञानिक होस् भन्ने चाहन्छु । मैले हरेक पल्ट बोल्दा त्यही बोल्ने गरेको छु, यहाँका गरीव जनताको निम्ति बजेट हुनु पर्छ । प्रयास भएको छ, गण्डकी प्रदेशको सरकारले त्यो प्रयास गरेको होला । मैले फेरी पनि भन्छु, फाइल बोकेर माननीयज्यूहरु व्यक्ति—व्यक्ति मन्त्रालयमा धाउने परिपाटीको जब अन्त्य हुँदैन, हामीले हरेक पटक यसरी नै यहाँबाट भन्ने वातावरण हुन्छ । त्यसैले योजना भनेको, बजेट भनेको लहडको भरमा होइन, पहुँचको भरमा होइन, कसैको इच्छाको चाहनाको भरमा होइन, मेरो र तेरोको भरमा होइन, वैज्ञानिक हुनुपर्छ र आवश्यकताको आधारमा हुनुपर्छ हामीले त्यो सिस्टममा लाग्नु पर्छ, लागौं, लागौं, आजैदेखि त्यो प्रयास गरौं, सबै त्यो अभियानमा लागौं, आजैबाट शुरु गरौं । को सत्तापक्ष, को प्रतिपक्ष राम्रो काम गर्ने थालनी भोली होइन, आजैबाट लागौं । बजेट मैले फेरि पनि भन्छु, कोही व्यक्ति, कोही सांसदहरु हाम्रो काम फाइल बोकेर मन्त्रालयमा गएर मन्त्रीज्यूहरुलाई जी हजुरी गरेर हाम्रो यो एउटा योजना हालिदिनुस् प्रभु ।

मेरो त्यहाँका जनताले खानेपानी पाएका छैनन, बाटोहरु भएन, पुल भएन, स्वास्थ्यको यो समस्या छ भनेर मन्त्रीहरुलाई अनुरोध गर्ने भन्दा पनि त्यसलाई सिस्टममा ढालौं न, के गर्दा यो वैज्ञानिक हुन्छ । तपाईंहरुले त्यो भन्दै नभन्ने अनि आफसे आफ त्यो फाइल बोक्ने, आवश्यकताका आधारमा विकासका बजेटहरु छुटिने परिस्थिति कसरी हुन्छ त्यता तिर जानु जरुरी हुन्छ त्यो प्रयास गरौं, जनता कसैको हुँदैन, जनता सबै तपाईं हाम्रै हो । आज जनता मैले खुशी भए पनि ती जनता मेरा हुन्छन्, भोली मैले ती जनताको चित्त दुःखाएँ, तपाईंले खुशी बनाउनु भयो भने ती जनता तपाईंका हुन्छन् । त्यसैले जनता यो पार्टी, त्यो पार्टी, ऊ पार्टी भन्ने हुँदैन । जनता तपाईं हामी सबैको पार्टी हो । त्यसैले विकास गर्ने क्रममा कसको कार्यकर्ता कहाँ छ रु को कहाँ छन् रु मलाई एउटा कुरा के विश्वास छैन भने, काम गरेकै भरमा, बाटो पुर्याीदएकै भारमा भोट हाल्छन् भन्ने पनि छैन,

तपाईंका अरु व्यवहारु कस्ता हुन्छन् ती व्यवहारले पनि भोट तान्ने भोट लिने काम हुन्छ । त्यसैले यसलाई वैज्ञानिक बनाऔं, यो वैज्ञानिक बनाउनका लागि यो फाइल च्यापेर मन्त्रालय धाउन नपर्ने वातावरण बनाउनका लागि त्यसलाई कसरी राम्रो बनाउन सकिन्छ ? त्यो आयोगले दिएको सुझाव दियो भने साँच्चैनै यो गण्डकी प्रदेशलाई राम्रो प्रदेश बनाउन सकिन्छ, आवश्यकताको आधारमा विकास विनियोजन हुन्छ ।

जहाँ जे आवश्यक हो त्यहाँ बजेट जान्छ र तैंले र मैले हालेको बजेट भनेर भनिरहनु पर्ने परिस्थिति पनि हुँदैन । अब शुरु हुन्छ नेतृत्व विकास सँगसँगै व्यक्तित्व विकास सँगसँगै व्यक्तित्व विकास, अब हामीले व्यक्तत्व विकास र नेतृत्व विकास हामीले गर्न सक्दैनौ नि । जति सुकै बजेट जति खन्याए पनि केही हुँदैन । त्यसैले त्यो फाइल बोकेर मन्त्रालय धाउनु पर्ने परिस्थिति अन्त्य जब गर्छौं तब असल नागरिक बन्नतिर लाग्छ, असल नेता बन्न लाग्नतिर लाग्छ ।

जबसम्म असल नेतृत्व बन्न सक्दैनन्, मुलुकले गति पनि पाउँदैन, विकास पनि पाउँदैन, त्यसैले हामी यो र त्यो, यसको र त्यसको भन्ने भन्दा पनि यसलाई वैज्ञानिक हिसावले जाने वातावरण बनाउँ । वास्तमवमा वर्तमान सरकारले यसमा प्रदेश सरकारले जुन बजेट ल्याएको छ, मलाई लाग्छ यो नीति र कार्यक्रम अनुसारकै बजेट आएको छ । यो जनताको हितको लागि आएको छ, जनताकै पक्षमा आएको छ । त्यसैले यो बजेट समग्रमा राम्रो छ भन्दै म र मेरो दलको तर्फबाट यो बजेटलाई पूर्ण समर्थन गर्दै विदा हुन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री दिलमाया रोका मगर गौतमलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य धनमाया पोखर◌ेल ।

**माननीय दिलमाया रोका मगर गौतम**

माननीय सभामुख महोदय, आज हामी आ.व. ०७९ को विनियोजन विधेयकमा भौतिक पूर्वाधार विकास, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, युवा तथा खेलकुद, अर्थ मन्त्रालय, भूमि व्यवस्था, कृषि सहकारी तथा गरीवि निवारण मन्त्रालय अन्तर्गत रहेर विनियोजन विधेयक माथि छलफलको क्रममा रहेका छौं । म भन्दा अगाडिका पूर्ववक्ताका

माननीयज्यूहरुले यहाँ विषयवस्तु राखिसक्नु भएको छ । मलाई पनि के लाग्छ भन्दा, यो हामी जुन विनियोजन विधेयकमाथि छलफल गर्दैछौं, गण्डकी प्रदेश सरकारले २०७९ को आफ्नो नीति तथा कार्यक्रम पछाडि बजेटको कार्यक्रम ल्याएको छ । मलाई के लाग्छ भन्दा, यो गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेशका जनताहरुको दर्पण हो । यो गण्डकी प्रदेशका सरकारले यहाँ रहेको भूगोल र क्षेत्रको समानुपातिक ढंगले आवश्यकताको आधारमा बजेटको विन्यास गरी, त्यसको परिणाममा नआएसम्म, हामीले भनेको समृद्ध गण्डकी प्रदेश स्थापना गर्न सक्दैनौं र यहाँको गण्डकी प्रदेशलाई समृद्ध गराउनको लागि गण्डकी प्रदेश सरकारले यहाँको समानुपातिक हिसावले बजेटको वितरण गरेर, त्यसको परिणाममा नल्याउँदा सम्म परिवर्तन सम्भव छ जस्तो मलाई लाग्दैन र गण्डकी प्रदेश सरकारलाई त्यो छुट पनि छ जस्तो पनि मलाई लाग्दैन । यसर्थ, हामीले गण्डकी प्रदेश सरकारले यहाँको जनताको आवश्यकता र भूगोलको आधारमा बजेटको विन्यास गरेर अगाडि बढेर त्यसलाई कार्यान्वयन गर्यो भने अवश्य पनि यहाँ समस्या समाधान हुन्छ जस्तो मलाई लाग्छ । म किन यस्तो पनि भनिराखेको छु भन्दाखेरी, मलाई लाग्छ, यदि गण्डकी प्रदेश सरकार गण्डकी प्रदेशको जनताको दर्पण हो, गण्डकी प्रदेशको जनताको अनुयायी हो र यहाँको समस्याको समाधान हो भनेपछि, हामीले वास्तवमा मैले यो गरें र त्यो गरेर हामीले त्यति धेरै व्याख्या र विश्लेषण गर्नु पर्छ भन्ने मलाई लाग्दैन किनभने हामीले जनतालाई यहाँ केही गर्छ र हाम्रो समस्याको संवोधन हुनुपर्छ र यसले गर्छ भनेर नै यहाँ पठाएको हो । हामीले त्यो गर्नुपर्छ र गण्डकी प्रदेश सरकारले पनि त्यो गर्नुपर्छ र गण्डकी प्रदेश सरकारलाई पनि त्यो छुट छैन । यसर्थ, हामीले गण्डकी प्रदेशले अहिले जुन विनियोजन विधेयक ल्याएको छ र विनियोजन विधयकमाथि कुरा गरिरहँदा र मन्त्रालयगत रुपमा जाँदाखेरी यो मन्त्रालय, यो मन्त्रालयलाई, यो कसैको योजना धेरै, कसैको योजना थोरै म त्यतातिर जान चाहन्न । मुख्य कुरा गण्डकी प्रदेशको सानुपातिक ढंगले विकास भयो कि भएन ? हामीले सरकारले लिएको लक्ष्य, नीति, उद्देश्यतिर हामी उन्मुख छौं कि छैनौं ? भन्ने कुरा नै प्रमुख हो जस्तो मलाई लाग्छ । होला कसैको योजना अलि धेरै पर्ला, कसैको अलि थोरै पर्ला त्यो मुख्य कुरा हो जस्तो त्यो मलाई लाग्दैन । हामीले गण्डकी प्रदेशको समस्या प्रति कति गम्भीर भयौं र हामीले गण्डकी प्रदेशको जनताप्रति कति उत्तरदायी भयौं भन्ने कुरा नै मुख्य जस्तो मलाई लाग्छ र त्यो तर्फबाट सरकार अछूतो हुनु हुँदैन भन्ने जोडको कुरा हो । सरकारले जुन खालको लक्ष्य र उद्देश्य लिएको

छ, आफ्नो नीति र कार्यक्रम लिएको छ, गण्डकी प्रदेशको समानुपातिक हिसावले विकास गर्ने कुरामा जुन योजनाहरु समावेश गर्ने कुरामा जुन ढंगले आएको छ, हामीले भनिरहेका छौं, हाम्रो नीति तथा कार्यक्रमले पनि भनेको छ । हामी गण्डकी प्रदेशलाई आत्मनिर्भर बनाउने कुरा पनि गरिरहेका छौं, युवाहरुलाई स्वरोगार बनाउने कुरा गरिरहेका छौं । कृषिमा उत्पातकत्व र उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन र निर्यातलाई वृद्धि गर्ने कुरामा पनि गरिरहेका छौं । हामी आत्मनिर्भर आफै स्वावलम्वन बन्नु पर्छ पनि भनिरहेका छौं । यसो भनिरहँदा हामीले हाम्रो बजेट वितरण गर्दा त्यतातिर हामी कति गभ्भिर भयौं? र त्यतातिर हामीले कसरी बजेटलाई विन्यास गर्यौं ? भन्ने कुरा पनि मुख्य हो जस्तो लाग्छ । मैले यहाँ जोड दिन खोजेको कुरा के हो भने, हामीले कृषिमा आत्मनिर्भर बनाउने कुरा, आयात प्रतिस्थापन निर्यातलाई प्रवद्र्धन गर्ने कुरामा हामीले कृषिमा कति बजेटको वितरण गर्न सक्यौं र हाम्रो गण्डकी प्रदेशको हाम्रो जनताहरुको यथार्थ आवश्यकता के हो ? हामीले कृषिलाई आत्मनिर्भर बनाउने हो भने, जनतालाई स्वरोजगार बनाउने हो भने हाम्रो ध्यान त्यतितिर केन्द्रित भयो कि भएन ? सरकारको बजेट वितरण त्यतितिर केनिद्रत भयो कि भएन भन्ने कुरा मुख्य हो जस्तो लागि । अन्तत हामीले जे जति भने पनि, जे जति बजेट वितरण गरे पनि कतै धेरै होला कतै थोरै होला त्यो कुरा आफ्नो ठाउँमा छ । तर हाम्रा मन्त्रीज्यूहरु आफैमा विज्ञ हुनुहुन्छ र गण्डकी प्रदेशलाई समृद्ध बनाउने हो भने प्रदेश सरकार आफै जिम्मेवारी हुनुपर्छ र प्रदेश सरकारले बजेटलाई समुन्यायिक ढंगले वितरण गर्नु पर्छ । मलाई के लाग्छ भने मन्त्रीज्यूहरु आफै विज्ञ हुनुहुन्छ । मलाई के कुरा लागेको छ भने कतै हामी आत्मकेन्द्रित भयौं कि जस्तो लागेको छ, यतातिर सरकारको ध्यान जान जरुरी छ, किन भन्दा हाम्रो भौगोलिक हिसावले हेर्दाखेरी भूगोल एकैनासको हुँदैन, आवश्यकता पनि एकै खालको हुँदैन त्या भएको हुनाले बजेटको वितरण गर्दा, हामीले अलि समानुपातिक ढंगले वितरण गर्न सकेनौं कि भन्ने लाग्छ । अन्तमा मलाई के लाग्छ भने, सरकारले अहिले जसरी यो विनियोजन विधेयक ल्याएको छ, हामी बजेटको आवश्यकताको आधारमा, मागको आधारमा जसरी वितरण गरेको छ सरकारले, जुन लक्ष्य र उद्देश्य लिएको छ, यसलाई सफल बनाउनको लागि यसको मुख्य पाटो कार्यान्वयनको पाटो हो र यो पाटोलाई कार्यान्वयन गर्नको लागि सरकारको विशेष ध्यान जानेछ । अहिलेको आवश्यकतामा जसरी सरकारले वितरण गरेको छ, जुन विनियोजन विधेयक ल्याएको छ यसलाई यथाशिघ्र र कार्यान्वयन हुनेछ र परिणाममा जनताले अवश्य पनि

यसको अनुभूति गर्न पाउने छन् भन्ने विश्वास लिँदै र अहिले विनियोजन विधेयकमाथि मेरो समर्थन रहेको जानकारी गराउँदै यसमा मेरो समर्थन रहेको छ भन्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री धनमाया पोखरेले लामालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री रोशन बहादुर गाहा ।

**माननीय धनमाया लामा पोखरेल**

माननीय सभामुख महोदय, आ.व. ०७९/८० को वार्षिक विकास कार्यक्रमको मन्त्रालयगत छलफलमाथि मेरो आफ्नो भनाई राख्न अनुमति चाहन्छु । सबैभन्दा पहिला भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय तर्फ म छलफल गर्न चाहन्छु । गण्डकी प्रदेश सरकारले बजेटको प्राथमिकता के हो भनेर छुट्याउन नसकेको मैले त्यो अनुभूति गरेको छु । साना र खुद्रा कार्यक्रमहरु छरपस्ट रुपमा यो वार्षिक विकास कार्यक्रममा ल्याएको छ । उत्पादनशील क्षेत्रमा बजेट छैन । व्यक्तिगत ट्रष्ट, व्यक्तिगत अक्षयकोषमा करोडौं लगानी गरेको छ । भलै मैले हिजो यो गणतन्त्र लोकतन्त्र स्थापनाको निमित्त उहाँहरुले वलिदान गर्नु भएको योद्धाहरु अथवा प्रेरित गर्नुभएको योद्धाहरुको अपमान नगरिकन अन्य जस्तै बुवाआमाको नाममा ट्रष्ट र व्यक्तिगत अक्षय कोष खडा गरेको प्रति म ध्यान केन्द्रित गर्न चाहन्छु । टोल टोलमा सामुदायिक भवन हाम्रो वार्षिक विकास कार्यक्रममा छरपस्टै देख्न सकिन्छ । टोल टोलमा भ्यूटावर यो पनि अहिले गण्डकी प्रदेश सरकारको वार्षिक बजेट कार्यक्रममा देख्न सकिन्छ । विशेष गरी भन्नुपर्दा शक्तिकेन्द्रहरुको वरिपरि बजेट विनियोजन भएको देखिन्छ । हुन पनि किन नहोस्, कास्कीले मात्रै २—३ वटा मन्त्रालय पाएको छ । गण्डकी प्रदेशले भौतिक हिसावले सबैभन्दा ठूलो अर्थमन्त्रीज्यू र कानुन तथा प्रदेश मामिलाज्यू कास्कीको हुनुहुन्छ। भलै मैले यो ठाउँको विकास नहोस् भन्ने म चाहन्न । हाम्रो विकासका मोडेलहरु हाम्रो बजेट केन्द्र कहाँनिर भयो ? महानगरको पनि एउटा सीमित वडामा मात्रै भयो । मैले चाहन्थें यो हाम्रो गण्डकी प्रदेशको राजधानी पोखरा कास्की जिल्लाको घान्द्रुकमा पर्यटकीय हिसावले त्यो गन्तव्यको ठाउँ हो । घान्द्रुकमा सरर आवत—जावत गर्ने सडक व्यवस्था गरेको भए म गण्डकी प्रदेश सरकारलाई म धन्यवाद दिन सक्थें होला। हाम्रो पर्यटकीय हिसावले र भौगोलिका विकटताको हिसावले

सिक्लेस छ एकदमै पपुलर त्यो ठाउँमा जनजातीको उच्च घनत्व एकदमै छ त्यहाँ बाह्रै महिना गाडी सरर चलेर यहाँ वाह्य र यहाँको आन्तरिक पर्यटकलाई सहज बनाउने ढंगले कार्यक्रम विनियोजन भएको भए पनि मैले गण्डकी प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन सक्थें। धेरै टाढा नजाऔं, महानगरभित्रकै यो पुम्दिकोटमा अहिले एउटा शिवालयको मन्दिर बनेको छ त्यो धार्मिक हिसावलले एकदमै पर्यटकको स्थान भएको अवस्था पनि छ । विदाको दिनमा म आफैले भोगेको कुरा पनि भन्न चाहन्छु र म त्यहाँ जाँदा देखिएको दृष्य, त्यहाँ धेरै दृष्टान्तको ठाउँ पनि छैन । त्यहाँ धेरै पर्यटकको खचाखच भएर हामीले त्यहाँ यात्रुहरुले दुःख पाइरहेको धुले बाटोमा, माननीय अर्थमन्त्रीज्यूको घर पनि मैले त्यही डाँडामा देखेको छु । यो अर्थमन्त्रीज्यको घर है भनेर मलाई एकजना साथीलाई भनेको थिएँ । त्यो पुम्दीकोटमा शिवालयको मन्दिर बनिरहेको छ, त्यहाँ देश विदेशका पर्यटकहरु आउनु हुन्छ, उहाँहरुले शास्ती नहुने खालको बजेट निर्माण गर्नुहोला। त्यो बाटो अबको ६ महिनामा पूरा गरिदिनु भयो भने मैले गण्डकी प्रदेशको सरकार र कास्की जिल्लाको मन्त्रीहरुलाई धन्यवाद यो रोष्टमबाट आगामी दिनमा भनौंला, होइन भने यस्तो विकेन्द्रित खालको बजेट, एकदमै साना टुक्रे बजेट र शक्ति केन्द्र वरिपरि मैले यहाँ भन्नै पर्छ, मैले भनेको कुरा पनि होइन, सामाजिक सञ्जालमा आएको छ । पोखरा म.न.पा. पालिकाभित्रको १६ वडामा ३० करोडकको बजेट आएको छ । हाम्रो गण्डकी प्रदेशको स्थानिय तह ८५ वटा वडा छ हाम्रो कति वडा छ ज्ञान हुन आवश्यक छ र हाम्रो बजेटको भोलम कति हो र त्यो अनुसार विकास गर्न सकिन्छ कि सकिदैन ? त्यतातिर पनि ध्यान दिन म यहींबाट अनुरोध गर्दछु । हाम्रो यस्तो विकासको मोडलहरुले हामीले परिकल्पना गरेको समृद्ध प्रदेश कसरी निर्माण गर्न सक्छौं ? हामीले २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने भनिरहेका छौं, यस्तो विकासका मोडेलहरुले हामीले कसरी विकास गर्न सक्छौं ? मैले माननीय भौतिक पूर्वाधार मन्त्रीज्यू हाम्रो मन्त्रीज्यूको विशेष विज्ञता भनेको इन्जिनियरिङ्ग हो भन्ने सुनेको थिएँ । तर उहाँले १ वर्षसम्म यो मन्त्रालय समालिरहँदा मैले उहाँको विज्ञ काहीँ देख्न पाइरहेको छैन । यो कुराहरुलाई पनि आफ्नो जेता हे हो र आफ्नो अधिकार क्षेत्र के हो र आफ्नो कर्तव्य के  हो ? त्यो सफल नेतृत्वलाई हामीले मूल्याङ्कन गर्ने भनेको बेला यही हो । हामीले गण्डकी प्रदेशमा हिमाल, पहाड तराई गरी तीन भूगोलमा समेटेका गण्डकी प्रदेश पाइरहेका छौं । यहाँको विकास भनेको समानुपातिक तरिकाले बजेट विनियोजन गर्ने कुरा कहिले गर्नु हुँदैन किनभने मनाङ, मुस्ताङ र गोर्खाको

विकासका आवश्यकता आर्कै हुन सक्छ, नवलपुरको आवश्यकता अर्कै हुन सक्छ, कास्की, तनहुँको आवश्यकता अर्कै हुन सक्छ । मैले विनम्रतापूर्वक हाम्रो मन्त्रीज्यूहरुलाई के अनुरोध गर्न चाहन्छु भने, त यहाँको भूगोल, यहाँको जनतालाई कम्तीमा पनि पढिदिनुहोस्, हजुरहरुले यो राजनीतिक जीवनको यात्रामा, यदि यो गण्डकी प्रदेशको भूगोललाई चिन्नु भएको छैन भने अव छ महिना बाँकी छ यहाँको कार्यकाल, यहाँले यहाँको भुगोल र जनतालाई पढिदिनु हुन मैले अनुरोध गर्न चाहन्छु । साथै यो गण्डकी प्रदेशको नेतृत्व संहालिरहँदा यो नीति निर्माण तहमा रहेर आफ्नो योगदान उच्च राख्नको निमित्त पनि म हार्दिक अनुरोध गर्न चाहन्छु। गण्डकी प्रदेशको सन्दर्भमा मैले अघि नै भनिसकें समावेसी विकासको हिसावले हामी अगाडि बढ्नु पर्छ, त्यो भयो भने मात्रै हामी सफलतामा पुग्न सक्छौं । हाम्रो गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रमले १ निर्वाचन क्षेत्र १ सडक भन्यो । यो सडकहरुमा हाम्रो बजेट कति छ ? मैले यहाँ भनिरहनु पर्दैन, सबैको हात–हातमा वार्षिक कार्यक्रमको पुस्तिका छ । ८५ स्थानीय तहमा सडक सञ्जाल पुर्याउने भनेर हाम्रो नीति कार्यक्रमले बोलेको छ । गण्डकी प्रदेशमा ८५ स्थानीय तह मध्ये मनाङको मार्फाभूमि गा.पा. र गोर्खाको चुमनुब्रीमा गा.पा. मा अझै पनि सडक सञ्जालले छोएको छैन । मैले वार्षिक विकास कार्याक्रममा हेरें त्यहाँ म्एच् को लागि भनेर २० लाख बजेट विनियोजन गरेको छ, रुइला भञ्ज्याङ नाकाको लागि । उहाँहरुलाई ज्ञान नभए त्यहाँको प्रतिनिधिलाई सोध्नुहोला, किनभने त्यहाँ संघ सरकारबाट सडकको काम भइरहेको छ । हामीले डिपिआर गर्नु पर्ने आवश्यक छैन । त्यहाँ हामीले सह लगानी गर्नको निमित्त पनि मैले अनुरोध गर्न चाहें । भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयले हाम्रो बजेटको हिसावले तेस्रो ठूलो मन्त्रालय हो । हामीले नेपाललाई कृषि प्रधान देश भनिरहँदा अहिलेको तथ्यांकले के जनाउँछ भने, ६५ प्रतिशत जनसंख्या नेपालको कृषिमा आधारित छ र हामीले कृषकहरुलाई नेपालको सन्दर्भमा ७ प्रतिशत किसानहरुको आफ्नो भूमि छैन । हामीले ती कृषकहरुलाई भूमि कहिले दिलाउन सक्छौं ? मैले मन्त्रीज्यूलाई प्रश्न गर्न चाहें । यो गण्डकी पद्रेश दुग्ध विकास वोर्ड भनि अहिलेसम्म गठन भएको छैन । हामीले ऐन पास गरेर गइसकेका छौं र अहिलेको यो वार्षिक कार्यक्रममा दुग्ध विकास वोर्डलाई अमूर्त रुपमा १ करोड राखिएको छ यो के प्रयोजनको लागि हो ? माननीय सभामुख मार्फत यसको जवाफ लिन चाहन्छु। हामीले आयातीत वस्तुलाई प्रतिष्थापन गर्नु पर्छ र निर्यातलाई बढाउन पर्छ भनिरहँदा, गण्डकी प्रदेशलाई हामीले कृषि उत्पादनमा आत्मनिर्भर बनाउनु

पर्छ भनिरहँदा, हाम्रो बजेटहरु उत्पादित क्षेत्रमा त्यति धेरै लगानी गरेको देखिदैन । मैले नीति कार्यक्रममा पनि यो प्रश्न उठाएको थिएँ, यो सिमल तरुल खेतीको लागि पनि २० लाख भनिएको रहेछ, हामीले कुन ठाउँमा परीक्षण गर्न लागिएको रहेछ कि ? हामीले यहाँको रैथाने बालीहरु जस्तै– स्याउ, सुन्तला, अलैंचीलाई यहाँको पकेट क्षेत्र गराउन सकिन्छ, यसलाई ध्यान नदिई अन्य आयातित कुराहरुलाई अलि बढी ध्यान दिएको र बजेटमा ध्यान दिएकोमा र त्यो एकदमै न्यूनतम २० लाखले हामीले कतिवटा स्थानीय तहमा वा कतिवटा वडामा वा कतिवटा पालिका त्यसको पनि परीक्षण गर्न म हार्दिक अनुरोध गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, यो समग्र कृषि मन्त्रालयको बजेट हेर्ने हो भने, हामीले कृषिमा आत्मनिर्भर हुन सक्छौ भनेर मैले आत्मविश्वास गर्ने अझै पनि पलाइसकेका छैनौं सभामुख महोदय । म युवा खेलकुद मन्त्रालय तर्फ जान चाहन्छु । युवा उद्यम तथा स्वरोजगार कार्यक्रम भनेर २ करोड ५० रुपैयाँ भनेर एकमुष्ट राखेको मैले यहाँ देखिरहेको छु । गण्डकी प्रदेशमा वेरोजगार यूवा कति प्रतिशत छ ? कति प्रतिशतलाई स्वरोजगार बनाउनको निमित्त यो २ करोड ५० लाख राखिएको हो ? माननीय मुख्यमन्त्रीज्यू र माननीय मन्त्रीज्यूलाई मैले प्रश्न राख्न चाहैं । चालु आ.व. मा पनि कार्यान्वयन हुन नसकेको यो बजेट फेरी हामीले किन राखिरहेका छौं ? १ स्थानीय तह १ खेलकुद मैदान भनेर १ करोड २५ लाख एकमुष्ट रकम राखिएको छ । गण्डकी प्रदेशको सरकारलाई अथवा मन्त्रालयलाई यसको ज्ञान पनि हुनु पर्ने हो । हाम्रो ८५ स्थानीय तह छ, हामीले १ लाख ४७ हजार ५८ रुपैयाँले कस्तो खालको खेलमैदान बनाउन खोजिरहेका छौं ? यसको पनि मलाई प्रष्ट जवाफ चाहिन्छ।

माननीय सभामुख महोदयज्यु । हामीले क्रमागत रुपमा कतिवटा खेलमैदान पूरा गर्यौ र कतिवटा गर्न सक्छौं यसको एउटा हामीसँग एउटा प्लान, भिजन, योजना भएमात्रै यो मिसन पूरा हुन सक्छ नत्र यो लेख्न र वार्षिक कार्यक्रममा राख्न मात्र सीमित हुन्छ भन्ने मलाई लागेको छ । अर्थमन्त्रालय अन्तर्गत म केही कुरा राख्न चाहन्छु । अर्थमन्त्रालय र पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको भवन निर्माण भनेर ५० करोड एकमुष्ट राखिएको छ । के हामीसँग १२ वटा मन्त्रालय छ ? हामीले २ वटा मन्त्रालयको मात्र भवन बनाएर हाम्रो औचित्य पूरा हुन्छ ? माननीय अर्थमन्त्रीज्यू । त्यसैगरी एकदमै

खड्किएको विषयवस्तू गण्डकी प्रदेश सभाको भवनको लागि यहाँ कहीं कतै बजेट छुट्याइएको छैन । हामीले धेरै समृद्धीको कुरा गयौं, ठुला ठूला सपना देख्यौं, धेरै टाढा देख्यौं तर हामीले आफ्नै लागि सांसद भएको हैसियतमा हाम्रो कार्यकालमा पहिलो सांसद भएको कारणले हाम्रो पहिलो सांसद भवन शिलान्यास गर्न सक्थ्यौं भन्ने मैले आशा गरेका थियौं ।

एउटा इन्फरमल कार्यक्रममा सभामुखज्युले पनि मेरै हातले यो गण्डकी प्रदेश सभाको भवनको शिलान्यास गरेर म विदा हुन्छु भन्नुभएको थियो । मैले गण्डकी प्रदेश सरकारलाई यहाँ भन्नै पर्छ यसमा हाम्रो बजेट विनियोजन किन भएन र हामीले गर्नै पर्ने काम हामीले आफ्नो संसद भवन बनाउँदैनौं भने अरु धेरै आशा गर्न सकिन्न र यसलाई पुर्नविचार गरियोस् भनि यसमा म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । हवस् त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री रोशन बहादुर गाहा थापालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री मनकुमारी गुरुङ ।

**माननीय रोशन बहादुर गाहा थापा**

सभामुख महोदय, आज म अलि सबेरै बिहानै उठें र मैले बाबु—आमालाई सम्झें, प्रणाम माता—पिता ! म सञ्चै छु । जनता र यहाँहरुको आशीर्वादले गण्डकी प्रदेश सभाको वैठकमा आएको छु भनें । यस पटक बजेटमा मैले बजेट पार्न सकिन भनें । अब बजेटमा पारेको माता—पिताको पनि फिर्ता गर भनेर जनताले आन्दोलन गरेछन् सञ्जालमा छ्याप्पी छ्याप्प छ भनेर माता—पितालाई भनें ।

सभामुख महोदय, हामीले हिजो समाजलाई परिवर्तन गर्ने कुरामा, विकास निर्माण गर्ने कुरामा, सडकको आन्दोलनमा हामीले राजनीतिक नैतिकताको कुरा गयौं । राजनीति स्वाभिमानका कुरा गयौं, राजनीति निष्ठाका कुरा हामीले गयौं, तर पदमा आएपछि त्यसको हेक्का हुँदैन ? त्यसको सम्झना हुँदैन ? गर्नु पर्ने दायित्व जिम्मेवारी छैन ? त्यसो भएको हुनाले माननीय सभामुखज्यू, गण्डकी प्रदेश सरकारले ल्याएको यो आ.व. ०७९/८० को विभिन्न मन्त्रालयसँग जोडिएको यो विकास बजेट, यो योजना सम्बन्धी हामी व्यापक रुपमा

छलफलमा छौं । यो गण्डकी प्रदेशको सरकारले ल्याएको बजेटमा नेपालको संविधान, नेपालको कानुन, नेपालको ऐन र संवैधानिक आर्थिक, नीति, विधि र यसको सीमा उल्लंघन गर्यो र आर्थिक पाटोलाई सीमा भन्दा बाहिर गयो भनेर यो गण्डकी प्रदेशको सरकार र अर्थमन्त्रालयलाई चैत्र—असार महिनामा परिपत्र गरेको रहेछ नि त ! यो राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगले । यो बारेमा व्यापक रुपमा सरकारको विरोध, सामाजिक सञ्जालमा व्यापक छ, अनि सरकारलाई अलिकता पनि चिन्ता छैन ? हामीले कहीं कमीकमजोरी गर्यौं कि, हामीले त्यसप्रति सच्चिनु पर्छ कि, कहीं चिन्ता छैन ? त्यो हामीले भनेको होइन फेरी, प्रतिपक्षको बेञ्चमा बसेर, यो रोष्टव्याक गरेका होइनौं, हामीले विरोध गरेका होइनौं, हामी विरोधको लागि विरोध गरेको होइन यो । यो माननीय मन्त्रीज्यूहरुकैबाट पनि आएको थियो नि त । बजेट बाँडफाँड गर्दाको अवस्थामा हामी असुरक्षित भयौं भनेर मन्त्रीज्यूले अभिव्यक्ति गर्नुभएको थियो । मन्त्रीबाट मन्त्रीनै असुरक्षित हुन्छ भने अरु जनताको निम्ति, सर्वसाधारणको निम्ति के हुने हो ? मलाई लाग्यो, त्यो भित्र त्यही हुनुरहेछ र २० दिनसम्म बाहिर यो गुपचाप कहाँ गयो यो गण्डकी प्रदेश सरकार भनेको त त्यहींतिर अल्मलिरहेको रहेछ के । अनि यो अर्थमन्त्रालयले ल्याएको यो प्रति यो कानुनी राज्यमा कानुनलाई मिचेर, नीतिलाई मिचेर, विधिलाई मिचेर ल्याएको बजेट प्रति मेरो घोर आपत छ, यसमा मेरो घोर विरोध छ, यसमा मेरो खेद प्रकट पनि छ । माननीय सभामुखज्यू, बजेटको सिलिंग हेर्दा, बजेटको बुक हेर्दा हामीले त एकदम रसलाग्ने गरी पढ्नु पर्ने हो नि । हामीले धार्मिक ग्रन्थ पढ्दा, हामीले साहित्यिक पुस्तकहरु पढ्दा, उपान्यसहरु पढ्दा, राजनैतिक दस्तावेजहरु पढ्दा, पढ्दै जाँदा जति पढ्यो रस लाग्ने कुरा, बजेट पनि त्यहि हुनु पर्ने हो नि त । गण्डकी प्रदेश समृद्ध प्रदेश उज्यालो प्रदेश बनाउने कुरामा त यसले राम्रो बजेट ल्याउने त कुरामा माननीज्यूहरुले जनताहरुलाई त यसले राम्रो उत्साहित गर्नु पर्ने हो नि त, सबै जनताहरु निरास छन् । यो विपक्ष मात्र होइन, सत्ता पक्ष पनि निरास छन् । यो बजेटबाट कुनै जनता खुशी छैनन् । यो बजेटबाट जनताले भविष्यमा विकासको उन्नति होला भन्ने विश्वास यो सरकार प्रति, यो बजेट प्रति छैन । यो जतातते विरोधका विरोध छ । त्यसो भएको हुनाले विरोध नै किन नगरोस्, किनकि एउटै वडामा करोडौं करौडौं रुपैयाको पैसा विनियोजन हुने, एउटै वडामा डबल—त्रिवल योजना पर्ने ? अनि एउटा कुनै वडामा खाली ? यो सरकार कहाँ छ ? १२ बजे दिउँसै राँको बालेर हेर्नु पर्ने, खोज्नु पर्ने सरकार ! यो हाम्रो राजनीति पूर्वाग्रहीबाट यो रोष्ट पोखेको होइन ।

यो हामीले विपक्षबाट ल्याउनु पर्ने, बोल्नु पर्ने भनेर बोलेको होइन । यो बजेट पूर्वाग्रही ढंगबाट ल्याएको छ, यो बजेट सांगुरो मानसिकताबाट बनेको छ, यो बजेट विभेदकारी छ, सबै जनताको भलोको निम्ति यसले गरेको छैन । त्यसो भएको हुनाले जो बजेट कस्तो ल्याउनु पर्थ्यो ? आज जनताले के भनेका छन् ? आज बनेको बाटो बाढीपहिरोले लगेको छ । कमसे कम नयाँ बाटो नबने पनि त पहिरो पन्छाइदिउँ सरकार बजेट ल्याउँ भनेको छ बाटोको निम्ति । स्कूलमा स्कूल चुहियो, स्कूल मर्मत गरिदेउ, स्कूल बनाइदेउ, राम्रो शिक्षा देउ, स्कूलको माग गरेको छ जनताले । किसानले खेती उत्पादन वृद्धि गर्नका निम्ति हामीलाई सिँचाई, कूलो, नहर देऊ, नहर, कूलो मर्मत गरिदेउ, हामीलाई मल, बीउ देउ, जनताले माग गरेका छन् । कहाँ छ सरकार ? जनताले हामीलाई सोध्छ पानी लेउ, हामी अँध्यारोमा छौं हामीलाई बिजुली लेइदेउ, जनताले बोलिराखेको छ, कहाँ छ सरकार ? आज सरकारले गण्डकी प्रदेशको भूगोललाई हेर्ने, यहाँको जनसंख्यालाई हेर्ने, यहाँको दूर्गम क्षेत्रलाई, हिमाल पारिको जिल्लालाई हेर्ने, पहाड देखि हिमाल देखि तलको मधेश तराईलाई हेर्ने होइन ? यहाँको सिमाङ्कृत जनतालाई हेर्ने होइन, यहाँका थारु, बोटे, माझी, मुसेहरुलाई हेर्ने होइन ? यहाँका आदिवासी, जनजातिलाई हेर्ने होइन रु पछाडि परेका ब्राह्मण, क्षेत्री, दशनामी, गिरी पुरीलाई हेर्ने होइन रु यसको निम्ति के छ बोल्नु पर्ने होइन सरकारले ? अनि आज जनताले माग गरेको बजेटमा छैन । आज मातापिताको नाउँमा, व्यक्तिगत रुपमा मनोरञ्जन गर्ने ट्रष्टमा आज अरवौं, करोडौं रुपैयाँ आज त्यो फिर्ता गर्नुपर्यो, यो सरकारले यो रोष्टममा आएर फिर्ता गर्यौं भन्नुपर्यो यो म माग गर्न चाहन्छु । अर्थमन्त्रीले, मुख्यमन्त्रीले यो सरकारले यो राष्टममा आएर हामीले फिर्ता गर्यौं भन्न सक्नुपर्यो । जनताबाट निर्वाचित भएर आएका जनप्रतिनिधि हो भने, जनताको साँच्चै सरकार हो भने होइन, झण्डा मात्रै हाल्लाउन आएको, यो अन्तिम पनि हो यो पहिलो पनि होला अन्तिम होला, हो भनेमा हो भने मेरो भनाई केही पनि छैन । त्यसो भएको हुनाले, अझै मुख्य कुरा त यो बजेटको कुरा, अझ तपाईं हिजो प्रतिपक्षमै बस्दा पनि, हिजो तत्कालिन एमालेको सरकार रहँदाको अवस्थामा पनि, हामीले क्रमगतमा रहेको योजनाहरुको बारेमा, अनि त्यो क्रमागतमा परेको योजनाको रकमलाई वण्डामा लग्ने ? अनि हिजो क्रमागतमा रहेको योजनाहरु अधुरा छन् । आज थोरै पैसाले पनि त्यो अधुराहरु हुने योजनाहरु पूरा हुने कुराहरु छन् । तपाईंले हरेक जिल्लाको डिओ कार्यालय प्रमुखलाई सोध्नोस्, एमालेलाई नसोध्नोस्, प्रतिपक्षलाई नसोध्नोस्, अनि त्यहाँको कार्यालय प्रमूखलाई सोध्नुहोस्, एमालेलाई, प्रतिपक्षलाई नसोध्नुहोस्

त्यहाँ रहेका अधुरो बाटो कति लाख, कति हजार कति सयले, कति करोडले सम्पन्न हुन्छ भन्नुहोस् न । अनि त्यो अधुरो रहेका योजनालाई सम्पन्न गर्ने कुरामा जानुस् । अरु डिपिआर तयार भएकालाई जनतालाई लाभ हुन्छ भने त्यसलाई गर्ने कुरामा गर्नुस् न । मैले त केही मागेको थिएन, मैले त एउटा झोलुंगे मागेको थिएँ त्यो पनि परेन । मैले त कमसेकम एउटा खेलकुदको लागि गिराउन बनाइदिनुस् न भनेको थिएँ त्यो पनि परेन । एउटा मगर गाउँ थियो एउटा ठूलो बन्दीपुर भन्ने ठाउँमा मुख्यमन्त्री र मेरो सिमानामा त्यहाँ खानेपानी देउन त त्यो खानेपानी पनि परेन । अब वनमन्त्रीलाई एउटा मान्छेले त खान पाएन पाएन कमसेकम वनमा बस्ने वन्यजन्तुले त पानी खान्छन्, एउटा पोखरी बनाइदिनु न भनेको त्यो पनि पाएन । अब अहिले यतिबेला असार हो, मानोबाट मुरी उब्जाउने यसो मल बीउको व्यवस्था त्यो पनि छैन । पर्यटनको निम्ति नवलपुर केमा कमि छ ? राजश्व वृद्धि उठाउने कुरामा र सरकारलाई दिने कुरामा र पर्यटनको हकमा के कमी छ नवलपुर ? अनि आज पर्यटनको हिसावमा पर्यटन मन्त्रीले आँखा चिम्लने ? त्यहाँ छैनन् काँग्रेस भन्ने ? त्यहाँ छैनन् माओवादी भन्ने ? त्यहाँ छैनन् जनमोर्चा भन्ने ? एमाले मात्रै देख्ने ? यस्तो विवेध गर्ने ? यसो भएको हुनाले सरकार ! निष्पक्ष ढंगबाट जे जनताले सामाजिक सञ्चालमा विरोध आएको छ यो फिर्ता होस् र सही ढंगबाट सरकारले योजना विनियोजन गरेर अगाडि जान सकोस् । यिनै कुराहरु राख्दै अन्तमा, अघि एकजना मित्रले पनि भन्नुभयो, मैले पहिला पहिला हामी प्रतिपक्षमा हुँदा पनि राम्रै हो भन्नुभयो । एमाले भनेको प्रजातन्त्र, लोकतन्त्रवादीको अगुवाई गर्ने एउटा पार्टी हो । एमालेले जे बोल्छ, त्यो सही बोल्छ । एमाले सरकारमा जाँदा जे गर्छ, त्यो राम्रो गर्छ यो कुरा बुझ्नु पर्छ हामीले । त्यसो भएको हुनाले अहिले सरकार र सरकारमा बस्ने साथीहरुले पनि सामाजिक सञ्जालमा र जनताको विरोध कति छ ? र चुपचौडामा के छ र तपाईंहरुकै पार्टीभित्र यो हामीले भनेको होइन, तपाईंहरुकै भातृसंगठनका मान्छले भनेको हो श्रीलंकामा पुर्याउने कुरा गर्यो भनेर तपाईंहरुकै शीर्ष नेताहरुले बोलेका हुन्। हामीले बोलेको होइन नि, एमालेले बोलेको त होइन नि, तपाईंहरुकै कार्यकर्ताहरुले विरोध गरिरहेका छन् । त्यसो भएको हुनाले यसलाई व्यवस्थापन गर्ने कुरामा जहाँनेर कमिकमजोरी भयो त्यो कुरालाई गर्नु पर्छ । फेरी अर्थमन्त्रीले यो कुरा पनि कहाँ हुन्छ र भन्नुहोला । आज भोलि के चलन छ भने, एउटा दिर्घामा बस्ने दर्शक महानुभावहरु हुनुहुन्छ, हामी कुनै एउटा चाउचाउ किन्नको लागि किराना पसलमा गयौं भने र किराना पसलमा गएर आइसकेपछि,

यो चाउचाउ त ईण्डियन रहेछ, म त विनोद चौधरीको वाईवाई चाउचाउ खान्छु भनेर फिर्ता हुन्छ र ? फिर्ता हुँदैन नि त । त्यसो भएको हुनाले यो कुरा सरकारले मनन गरेर जहाँ जहाँ जे छ, त्यो कुराको निम्ति गम्भीरतापूर्वक गर्नु पर्यो र सरकारको निम्ति म यो आपतिजनक छ, सरकारले नैतिक रुपबाट यो नै हो भने यो पास नै गर्ने हो भने सरकारले राजिनामा दिनुपर्छ । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मन कुमारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री लेख बहादुर थापा ।

**माननीय मन कुमारी गुरुङ्**

माननीय सभामुख महोदय, आज गण्डकी प्रदेशद्वारा ल्याइएको वार्षिक विकास बजेट कार्यक्रममाथि छलफलको कार्यक्रममा छौं र म पनि यसैको क्रममा यहाँ उपस्थित भएकी छु । धेरै माननीयज्यूहरुबाट यस विषयमा छलफलमा कुरा आइसकेको छ । मलाई के लाग्छ भने, यो गण्डकी प्रदेश सरकार गठन भएको जनताको खुशीको लागि, सुखको लागि निर्माण भएको हो । गण्डकी प्रदेश सरकारले समृद्ध गण्डकी प्रदेश र सुखी गण्डकी प्रदेशवासीको नारा लिएर अगाडि बढेको पनि आज साँडे चार वर्ष भइसकेको छ । मलाई लाग्छ, यो वार्षिक बजेट कार्यक्रम हामीले सबै प्रतिपक्षले भनेको जस्तै र सबै माननीयज्यूहरुले भनेको जस्तै नराम्रै छैन र राम्रै भनेर सबै कुरामा राम्रो पनि छैन । मलाई के लाग्छ भने, एउटा जनताले पनि अहिले के गरिराखेको अवस्था छ भने गणतन्त्रको सुन्दर पक्ष भनेको जनताले लायक बोल्न पाउने अधिकार जुन हाम्रो यो अहिलेको संघीयताले दिएको छ । यो जनतालाई मालिक बनाइरहेको छ त्यसै कारणले पनि जनताहरुले अहिले सामाजिक सञ्जाल वा हरेक चोक चोकमा नारावाजी लगाएर सरकारको विरुद्धमा बोलिराखेको अवस्था छ, यो गणतन्त्र, यो लोकतन्त्रको सुन्दर पक्ष हो बोल्न पाउनु पर्छ । अहिले प्रतिपक्षको माननीयहरु पनि यो रोष्टमबाट चिच्याई चिच्याई गाली गरिरहनु भएको छ, यो पनि एउटा गणतन्त्रको सुन्दर पक्ष हो । अहिले यदि निरंकुश शासन हुने हो भने म यही मञ्चबाट सबै जनताहरुलाई भन्न चाहन्छु कि, यदि यो शासन व्यवस्था यदि जनताको पक्षमा नहुने भएको भएदेखि तपाईंहरुले यसरी सामाजिक सञ्जालमा, चोक–चोकमा बसेर पनि सरकारको विरुद्धमा औंला उठाउन पाउने थिएन, यो एकदम सुनौलो पक्ष हो यो

व्यवस्था । यो व्यवस्थालाई टिकाउनको लागि तपाईं हामी सबैजना एकमुष्ट भएर, एकै मन भएर र एउटै विचार लिएर अगाडि बढ्नु पर्छ । मलाई लाग्छ, जनताहरुले अहिले जति पनि सामाजिक सञ्जालमा कुराहरु उठाइरहेको छ, यो व्यक्तिगत ट्रष्टको बारेमा मात्र कुरा उठाइरहेको छ र यो मलाई पनि ठिकै लाग्छ । एउटा सरकारलाई व्याकसाईडबाट सचेत गराउनु भनेको हामी सांसदहरु जनताको प्रतिनिधि पनि हो । जनता पनि हो र प्रतिपक्षका सबै साथीहरु मिलेर हामीले कहिले कहिले सरकारले बाटो बिराउन खोज्दै गर्दाखेरि एउटा सचेत गराउनु पर्ने तपाईं हाम्रो दायित्व पनि हो । म यही रोष्टमबाट सबै जनताहरुलाई गण्डकी प्रदेशका जनतालाई धन्यवाद दिन चाहन्छु र हामी सांसदहरुको कुरा पनि यही हो कि, व्यक्तिगत ट्रष्टमा यस्तो रकम विनियोजन नगरियोस् भन्ने नै थियो र यो भूलवस  अथवा सोच्न नसकेर अथवा जे–जे भएर भने पनि यो छुट्याइयो । हाम्रो पनि यो फिर्ता गर्नुपर्थ्यो र फिर्ता गर्ने भनेर हिजो पनि मुख्मन्त्रीको कार्यालयबाट प्रेस विज्ञप्ति आएको छ । मैले सामाजिक सञ्जालमा मैले पनि पोष्ट गरिदिएको छु । यति  आइसकेपछि सरकारले यसमा सरकारले राम्रो कदम तर्फबाट उन्मुख भएको तपाईं हामी सबैले यसलाई समर्थन गर्नुपर्छ । त्यही कारणले सबै सामाजिक सञ्जालमा साथीहरुले पनि अब यस्तो नराम्रो कुराहरु पनि नगर्नको लागि म अनुरोध गर्न चाहन्छु । सरकार पनि अब सच्चिएर जानु पर्छ र सच्चिसकेको छ । प्रेस विज्ञप्ति आइसकेपछि, यो सच्चिसकेको अवस्था हो र मन्त्रीहरुले आफूले विजियोजित गरेको जुन रकमहरु फिर्ता लिइसकेको अवस्था छ । यदि कुनै माननीयज्यूहरुले फेरी कार्य अन्तरकुन्तरमा लुकिएर, कहीँ त्यस्तो रहेछ भने यही मञ्चबाट, रोष्टमबाट म अनुरोध गर्न चाहन्छु । कृपया तपाईंहरुले पनि एकदमै इमान्दारीका साथ त्यो पनि फिर्ता गरेर, अन्य कहीँ आवश्यक परेको ठाउँमा त्यो विनियोजित गरिदिनु होला भनेर म अनुरोध गर्न चाहन्छु । त्यस्तै म गोर्खाको प्रतिनिधि भएको हैसियतले के भन्नु चाहन्छु भने, अहिले हामी भौतिक मन्त्रालय, अर्थ मन्त्रालय, खेलकुद र कृषि मन्त्रालय गरी ४ वटा मन्त्रालयको विषयमा आज यहाँ छलफल भइरहेको अवस्था छ । गोर्खा जिल्ला एकदमै दुर्गम भएको हुनाले पनि जुन यो फिर्ता गरिएको रकमहरु गोर्खा जिल्लाको उत्तरी बेल्टमा र जस्तै घ्याल्चोक हाम्रो २ नं. क्षेत्रको धनसिरा मार्फत जोड्ने सडकमा कसैको ध्यानदृष्टि गएको छैन, त्यो सडकमा पनि मन्त्रीज्यूहरुको ध्यानदृष्टि जाओस् भन्न चाहन्छु । गोर्खामा भन्ने हो भने गोर्खामा हामीलाई खेलकुद मन्त्रालयबाटै एकपैसा पनि विनियोजित भएको छैन, किन हो ? म मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । अर्थमन्त्रालयले

नदिनु भएको हो कि ? खेलकुद मन्त्रालयलको मन्त्रीज्यूले नै म दिन्न गार्खालाई भनेर नदिनु भएको हो कि ? यो किन हो, गोर्खामा कहीं छैन । मैले बजेटको शीर्षकहरु हेर्दै गर्दाखेरी धेरै साथीहरुले कुरा उठाइसक्नु भएको छ । कास्की र नवलपुरमा धेरै हो, यथार्थ पनि हो किनभने यथार्थलाई कहिल्यै पनि हामीले छोप्न सकिदैन । एकछिन यसो झुटो भनेर भने पनि त्यो प्रमाण हुन्छ । त्यही कारणले कास्की र नवलपुरमा अलि धेरै बजेट गएकै छ है। हामीले यथार्थ कुरा बोल्नै पर्छ, नत्र हामीलाई पनि जनताले सबै कुरा सार्वजनिक भइसकेको योजनाहरु सबै जनताहरुले हेरिसकेको अवस्था छ । हामीलाई सबैले फोन गरेर होइन फलानो फलानो जिल्लामा धेरै, तपाईहरु किन चुप लागेर बस्नुभएको ? तपाईंहरुको पनि त्यही अधिकार होइन भनेर हामीलाई धम्काइरहेको अवस्था छ, त्यही भएर पनि हामीलाई बोल्न वाध्य भएको छ । म अर्थमन्त्रीज्यूलाई विनम्र अनुरोध गर्न चाहन्छु किनभने हाम्रो यो गण्डकी प्रदेश पहाडी मुलुक भएको हुनाले, जनताहरुको सबैभन्दा धेरै माग के छ भने सडकमा छ, किनभने पहाडी मुलुक छ, अब वर्षामा सबै ठाउँमा हिलोबाट गाडी चल्नको लागि जनताको माग छ । त्यसकारणले तपाईंहरु अर्थमन्त्रीज्यूले भौतिक मन्त्रालयमा अलिकति धेरै भौतिक तर्फ बजेट विनियोजन गरिदिनु भएको भए देखि, पठाइदिनु भएको भएदेखि, पक्कै पनि भौतिक मन्त्रालयले त लुकाएर राख्ने थिएन होला ! त्यही कास्कीलाई पुर्याएर भए पनि, औंला उठाएर भएपनि अन्त विनियोजन हुन्थ्यो होला । अब यो सडकमा पैसा गएको छैन भनेर म भन्छु है यसमा नपुग्ने हो किनभने जनताको माग धेरै छ, खाल्टाखुल्टी पुर्नु पर्ने हुन्छ, सबै ठाउँमा गाडी चल्ने बनाउनका लागि हाम्रो गण्डकी प्रदेश पहाडी मुलुक भएको हुनाले पनि अब हस्पिटल जाउ सडक नै चाहियो, खाद्यान्न ल्याउ सडक नै चाहियो । यदि सडकमा हामीले नजर पुर्याउन सकेनौं भने त्यहाँको जनता समयमा हस्पिटमा पुर्याउन पनि सक्दैनौं र त्यहाँ विकट ठाउँमा कृषकको लागि मल बीउ पुर्याउन पनि सक्दैनौं र खाद्यान्न पुर्याउन पनि सक्दैनौं । त्यसकारणले हाम्रो पहिलो प्राथमिकता हामीले सडकमा राख्नु पर्थ्यो जस्तो मलाई लाग्छ र जनताको पनि धेरै माग छ । यहाँ धेरै सदन के कुरा उठिराखेको छ भने, सबै माननीयज्यूहरुले होइन यो टुक्रे बजेट भयो, सामाजिक सञ्जालबाट पनि जनताहरुले पनि टुक्रे बजेट भयो भनिरहेको अवस्था छ । यो यथार्थ के हो भने, औपचारिकतालाई मात्र हामीले नभिाएर बोल्नु हुँदैन । म यही रोष्टमबाट भन्न चाहन्छु कि जनताहरुलाई पनि र माननीयज्यूहरुलाई पनि । हाम्रो माग नै त्यही छ, जनताहरुको सानो कुनै ठाउँमा ५ लाखको आमा समूहको भवन बन्छ भने हामीले

त्यहाँ किन १० लाख दिने ? त्यहीँ जनताले ५ लाख दिए हुन्छ भन्छ फेरी टुक्रे बजेट भयो, माननीयज्यूहरुले भन्नुहुन्छ त्यही । कुनै ठाउँमा १० लाखले राम्रो थोरै हुन्छ भने त्यहाँ किन ५० लाख छुट्याउनु पर्यो ? त्यसो भएको हुनाले आवश्यकतालाई हेरेर बजेट विनियोजित गर्ने हो त्यसकारणलाई त्यसलाई टुक्रे भन्नु हुँदैन, कहिलेकाहीँ टुक्रेको पनि आवश्यक पर्छ । त्यहाँ किनभने गाउँपालिका र वडाले त्यहाँको बजेटले पुग्दैन, हामीलाई दिएन भनेर जनताहरुले कुरा राखेहेको हुन्छ । कहिले कहिले सानो आवश्यकताले पनि जनताहरुका ठूलो आवश्यकताको महसुस भयो, हामीलाई ठूलो माग पूरा भयो भन्ने जनताको माग छ, लाग्छ । त्यही कारणले यो ठूलो बजेट पनि आवश्यक छ, टुक्राटुक्री बजेट पनि आवश्यक छ, मैले यो टुक्रे बजेट भनेर कसैले पनि नभनिदिनुहोस् भन्न चाहन्छु, त्यहाँ किनभने धेरै लाग्ने ठाउँ थोरै भयो भने त्यहाँ भ्रष्टाचार सुरु हुन्छ र यो सबैको अन्तरआत्मामा भएको कुरा हो र मोही माग्ने ढुंग्रो  लुकाउने गर्नु हुँदैन कहिल्यै पनि । त्यसकारण यथार्थ के हो हामीले त्यो बोल्न जरुरी छ । आज यो कृषिमा, मैले त यस रोष्टमबाट सबै भनिरहेको थियो नीति तथा कार्यक्रममा पनि तपाईंले बजेटमा ल्याउनु पर्ने नीति तथा कार्यक्रममा छुटेको भए पनि कृषि मन्त्रालयले आम जनताको जीवनस्तर उठाउनको लागि र कृषिलाई व्यवसायीकरण गर्नको लागि जनतालाई एक पटक मौका दिउँ र सून्य व्याजमा ० प्रतिशतमा जनतालाई लोन दिनु पर्छ भनेर कुरा उठाएको थियो र त्यो छुटेको छ र कृषि मन्त्रालयले त्यो विचार गरिदिनुहोला भन्दै यो बजेट सबैले पास गर्नु पर्छ, नत्र हामीलाई जनताले पनि सराप्ने छन् । त्यही कारणले सबै कुरा तपाईं हामीले बजेटको दिनमा प्रतिपक्षका साथीहरुलाई पनि बजेट मात्रै हुन्छ भनेर भनिदिनुहोला भनि अनुरोध गर्दै विदा हुन्छु । हस् धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री लेख बहादुर थापा मगरलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री राजीव पहारी ।

**माननीय लेख बहादुर थापा मगर**

माननीय सभामुख महोदय, विनियोजन विधेयक २०७९ माथि छलफलमा केन्द्रित भइरहेका छौं । हिजो ऊर्जा जलस्रोत खानेपानी, वन तथा वातावरण भूसंरक्षण, आन्तरिक मामिला, कानुन सञ्चार छलफल भइसकेर आजका दिन हामीले भौतिक पूर्वाधार विकास तथा

यातायात मन्त्रालय, कृषि सहकारी तथा गरीवि निवारण मन्त्रालय, अर्थमन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय ४ वटा मन्त्रालयको बिचमा भएको बजेटको विनियोजनमा छलफलको क्रममा केन्द्रित भइरहेका छौं । यो विधेयकमा मुख्यगरी, आर्थिक वर्ष २०७९/८० को निम्ति प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार मुख्यगरी अनुसूची—२ मा बढी केन्द्रित गरिएको देखिन्छ र विनियोजनमा अनुसूची—२ अन्तर सरकारी वित्तीय हस्तान्तरण गर्ने प्रश्न, योजना वा कार्यक्रम कार्यान्वयन हुने सम्बन्धी विशेष व्यवस्था, लेखाङ्कन प्रतिवेदनको प्रश्न, अख्तियार तथा कार्यक्रम स्वीकृति गर्ने प्रश्न, वित्तीय अनुशासन सम्बन्धी व्यवस्था र कतिपय कार्यक्रम सहमति ल्याउनु पर्ने, कार्यविधि मापदण्ड बनाउनु पर्ने र आदेश जारी गर्न सक्ने लगायतको दफा राखेर यो विधेयक तयार भएको छ । यस विधेयकमा मुख्यगरी अनुसूची—२ मा १२ वटा मन्त्रालय, एउटा प्रदेश सभा आयोग र न्यायाधिवक्ताको कार्यालय र स्थानीय तह गरेर २० वटा कार्यालयलाई बजेट विनियोजन गरिएको जसमा ३५ अरव ८९ करोड २१ लाख ६२ हजारको बजेट टोटलमा हामीले यहाँ प्राप्त गरिरहेका छौं । यसमा यो अहिलेको सन्दर्भमा मलाई लाग्छ, यो बजेट बन्ने क्रममा र यो विनियोजन गर्ने क्रममा सिद्धान्त र प्राथमिकता नीति कार्यक्रम र दिगो विकास लक्ष्यलाई नै आधार बनाएको छ भन्ने फेरी पनि म दोहोर्याउन चाहन्छु । मुख्यगरी ४ वटा मन्त्रालयको बारेमा पनि प्रवेश गर्नुपर्दा अर्थमन्त्रालयबाट ४ वटा मन्त्रालयलाई गरिएको बजेट विनियोजन त्यो मन्त्रालयको अवस्थिति कारणबाट हेर्दाखेरी मलाई लाग्छ स्वभाविकै लाग्छ मलाई । भौतिक मन्त्रालयलाई दिएको बजेट ठूलो परिणाममा छ, त्यसपछि कृषि मन्त्रालयलाई छ, त्यसपछि अर्थमन्त्रालय र खेलकुद मन्त्रालय, ४ वटा मन्त्रालयको कार्यक्षेत्र अनुसार बजेट स्वभाविक ढंगले नै विनियोजन भएको छ भन्ने मलाई लाग्छ । यसमा मूल रुपमा यो विनियोजन बजेटहरु र मन्त्रालयले निर्माण गरेको योजनाको बारेमा मूल रुपमा म हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको तर्फबाट र मेरो तर्फबाट समेत यो मूल रुपमा यो बजेट विनियोजनको म समर्थन गर्न चाहन्छु । केही सुझाव मैले पनि राख्न चाहेको छु, मुख्य गरी सुझावको सन्दर्भमा, खानेपानी योजना त अब छलफल सकिसकेको छ । तैपनि धेरै योजना छुट्न गएको छ, केही छुट्न गएको छ जस्तो मलाई लाग्छ त्यहाँ । पछि हामीले छलफल गरेर थप्न सकियो भने त्यहाँ कोसिस गर्नु पर्ने हुन्छ । केही योजना दोहोरिन गएको देख्छु, खानेपानी कार्यालयसँग समेत मन्त्रालयको कार्यक्रममा पनि मैले हिजो नपाए पनि म राख्न चाहन्छु । दोहोरोको योजनालाई सच्याउनु पर्ने यति मैले

राख्न चाहे । आजको सवालमा भौतिक पूर्वाधार तथा शहरी विकास मान्त्रालय बारेमा मैले के सुझाव राख्नु चाहन्छु भने, गाउँपालिका जोड्ने सडकमा बजेट अलि पुगेन, गाउँपालिका जुन जोड्ने कतिपय सडक अधुरो छ र त्यो अधुरो सडक छोडिन गयो त्यसमा हामीले बजेट राख्नु पर्ने थियो । १ निर्वाचन क्षेत्र १ सडक भन्ने कार्यक्रम, यो कार्यक्रममा पनि हामीले आवश्यक बजेट व्यवस्थित गर्न सकिएन जस्तो लाग्छ, हुन त त्यहाँ मैलै हेर्दै जाँदा मैले नदेखेको पनि हुन सक्छ । तर पनि त्यसमा बजेट भएन, पुगेन जस्तो मलाई लागेको छ। अनि जहाँसम्म छलफलको क्रमबाट यो बिचमा केही विषयहरु पनि आयो, लामो समय भनौं न १५ दिनसम्म बजेट छलफल नहुने स्थिति जो बनेको छ, सेतो किताव प्राप्त भएको छ, पहिलो कुरा त यहाँ सुरक्षाकर्मी भनेर पनि यहाँ बाहिर मिडियामा आयो र जतिसुकै विषय आएपनि केही पक्षमा केही विपक्षमा आएका छन् । हामीले गलत विषयलाई सच्याएर जान सक्ने हैसियत मलाई लाग्छ, सरकारबाट मिनाहा गरिनु पर्छ र सुधारका कार्यक्रमलाई व्यवस्थित गरिनु पर्छ  जस्तो मलाई लाग्छ । सेतो कितावको प्रश्नलाई हेर्दा सेतो कितावमा क्रमागत केही कार्यक्रमहरु स्वभाविकै देखें मैले । क्रमागत सडकको कार्यक्रमहरु मुख्य गरी मर्मत सम्भारका कार्यक्रमहरु छुट्न गएकै रहेछ र यो सेतो कितावमा राख्दाखेरी यो अनुसूची मा छुटेको हो जस्तो मलाई लागेको छ । केही खानेपानी कार्यक्रम पनि स्वभाविकै हो । केही कार्यक्रम सच्याउनु पर्ने तिव्र दवाव, प्रेसर जो आइरहेको छ सरकारले त्यसलाई मलाई लाग्छ सच्याउनु पर्छ । जहाँ जनविरोध आउँछ, न दवाव आउँछ, जहाँ हामीले व्यक्तिगत रुपमा सही होला भन्ने लागे पनि अरुले हेर्दा गलत भयो भनेर आमले भन्दा गलत नै भयो भन्ने बुझ्नु पर्छ । त्यो कारणबाट पनि हामी सच्चिनु पर्छ । त्यो सेतो किताव अनुसूचीमा राखिएको योजनाहरुको जुन यो सरकारले सच्याउने छ भनेर म  सुझाव दिन चाहन्छु । भौतिक मन्त्रालयसँग केही महत्वपूर्ण सडकहरु, मोटरपुलहरु, झोलुंगे पुलहरु त्यहाँको आवश्यकताको आधारबाट प्रस्ताव भएका थिए, त्यो योजनाबाट परेन, पर्न सकेन, परेन या पर्न बाँकी छ कि त्यो बारेमा आगामी दिनमा पर्न बाँकी छ भने पार्न कोसिस गर्नुपर्यो, राय लिएर, पर्न नसकिएको भए अब पार्न सकिएन, नपर्ने भयो भनेर भनिदिनुपर्यो, जे होस् त्यसमा अपुगता भएको महसुस गरेको छु मैल । यो आधारबाट महसुस गरेको छु मैले। अब अरु  अरु  बारेमा हाम्रो सापेक्षतामा, हाम्रो मागको आधारमा योजनाहरु तयार भएका छन्, यो समग्रमा हेर्दा यो ठिकै छ त्यसलाई भौतिक पूर्वाधारको बारेमा हेर्दा । कृषिको सन्दर्भमा हेर्दा, कृषिको प्रकृति भनेको, साधारण चालु,

कार्यक्रम चालु र पूँजीगत ३ वटा प्रकारले त्यहाँ हुन्छ । साधारण चालु भनेको तलब भत्तामै जाने भयो । कार्यक्रम चालु भनेको अब नोटिस आह्वान गरेपछि मात्रै योजना निर्माण गर्ने कार्यक्रम भएको हुनाले मलाई लाग्छ कार्यक्रम समग्रमा कार्यक्रम ठिकै छ तर पनि सम्बन्धित कार्यालयबाट, जिल्ला जिल्लामा गएर कार्यक्रम हुने भएको हुनाले त्यसमा पछि नै जनताबाट आह्वान भए अनुसारको कार्यक्रम अगाडि बढ्ने भएकोले सम्भवतः कार्यक्रम ठिकै छ होला जस्तो मलाई लागिरहेको छ । त्यस्तै उत्पादन, प्रशोधन र बजारको निम्ति छुटेको योनजाको सन्दर्भमा बजेटको बारेमा अलि उत्पादनमा मुख्यगरी प्रशोधनतिर बढी बजेट हुनु पर्ने थियो, त्यसमा अलि पुगेन कि जस्तो मलाई त्यो फिलिंग भएको छ । अर्थ मन्त्रालयबाट समथिंग २१ करोडको बजेट राखु भएको छ, त्यसमा राखिएको छ । त्यसमा त्यति धेरै विषय होइन त्यो ठिकै कुरा हो । अर्थविभेदमा जो बजेट छ अर्थविभेदमा अर्थविदेबाट हिजो भन्नुभयो भनेको विषय  क्षेत्रीय विकास कार्यान्वन गर्नेछु, मेरो फरक मत दर्ता गर्दै त्यो कार्यान्वयन मैले गर्नेछु २ करोड रुपैयाँ भन्नुभएको छ, सायद त्यो अर्थविभ्दबाटै हुनेछ, मलाई लाग्छ त्यो उहाँले गर्नुहुन्छ । अन्य अपुगताहरु, जनताका मागहरु, योजनाहरु, विभिन्न सडक देखि लिएर खानेपानी, सडक, भवन जुन महत्वपूर्ण योजनाहरु जुन छुटेका छन् त्यो पनि त्यसबाट संवोधन हुने मैले अपेक्षा गरेको छु । यूवा तथा खेलकुद मन्त्रालयको तर्फ हेर्दा के छ भने, अब मसिनो गरी म्यासेभली अब योजना प्लानिङ भएको जस्तो मलाई लागेको छैन, जति भएको छ त्यो फेरी बजेटको हिसावमा त्यो ठिकै  हो । फेरी एकमुष्ट बजेट राखेको अवस्था छ १ पालिका १ खेलग्राममा त्यो अलि  कम भयो । त्यसमा ४—५ करोड राखेको भएदेखि अरु समयमा संवोधन गर्न सकिन्छ होला भन्ने मलाई लागेको छ । त्यो आफ्नो मन्त्रालयको कार्यक्षेत्र, कार्य विभाजन बजेट हेरेर मलाई लागेको छ ठिकै छ जस्तो लागेको छ । समग्रमा भन्नुपर्दा गण्डकी प्रदेश सरकारले चाडे ४ वर्षको समय व्यतित  गर्यो । गण्डकी प्रदेश सरकारले प्रदेश सभाको औचित्यको पुष्टि गर्दै जानुपर्छ र यसको थालनी उत्साहकासाथ अगाडि बढिरेहेको थियो, र अहिले यसले निरन्तरताको गतिमा अगाडि बढाइरहेको छ र निरन्तरताको मात्र होइन योजनमा क्रमभंग गर्नु पर्छ र एउटा नयाँ पलानिङ् गर्नु पर्छ जस्तो प्रदेश सरकारले सोच्न जरुरी छ । मलाई के फिलिंग भइरहेको छ भने, जस्तो हामीले कास्की छिर्ने बेलामा उतापछि प्रदेश वसपार्क, लामेआहाल भन्ने ठाउँमा बसपार्क बनाउने कुरा गरेको छ । अब अहिलेको समय क्रममा हेर्दा त्यो ठिकै होला जस्तो पनि लाग्छ । मलाई के लाग्छ भने, मान्छेहरु भोलि छिटै

त्यहाँबाट कास्की छिरेर यहाँ आउँदा व्ययभार बढ्ने भयो । नवलपुरबाट त्यहाँसमम आउँदा मानौं ५—७ सय खर्च लाग्थ्यो भने यता फेरी उल्टे ५ सय थप्नुपर्यो ट्याक्सी चढेर आउँदा १०—१२ सय ट्याक्सी खर्च लाग्ने भयो । लेकसाईड त ५ सय रुपैयाँ लिन्छ । यस्तो अवस्थामा अलि व्यवहार बढ्ने हो कि ? यस्तोर्मा अलि सोच्नु पर्ने हुन्छ कि ? बरु त्यसको सट्टाको हाम्रो यो पृथ्वीचोकमा रहेका पृथ्वी बसपार्कलाई ७ तले एउटा ठूलो वसपार्क बनाउने हो कि, तहतह बनाएर । लिफ्टिङ्ग बनाएर मान्छे चढेर झर्ने व्यवस्था गर्ने, त्यहाँ भित्र आन्तरिक पसल व्यवस्थित गरिदिने, एउटा नमुनागत काम सुरुवात गरिदिने हो कि ? यो सरकारले सायद मलाई लाग्छ, एउटा भिजन मात्रै केन्द्रित गर्न सक्ला, तर आखिरी प्लानिङ्ग गर्नुपर्ने दृष्टिकोणबाट हेर्दा ठूलो किसिमको बसपार्क एउटा तहगत बसपार्क एउटै स्थानमा तह—तहको बसपार्क तयार गर्ने बारेमा त्यो सोच्नु पर्ने हो कि ? हामीले नयाँ दिने क्रममा हामीले त्यो पनि दिन सकिन्छ कि भन्ने मलाई लाग्छ । यो बारेमा पनि भौतिक पूर्वाधार मत्रालयले ध्यान केन्द्रित गर्नेछ । समग्रमा म हाम्रो बजेटको सापेक्षता, हाम्रो धेरै मन्त्रालयको कार्यालयको धेरै ठूलो ठूलो भोलमहरु भएकोले हुनाले त्यहाँ गर्नुपर्ने विन्यासको अवस्था र आम जनताको व्यापक मागको आधारबाट हेर्दा मलाई लाग्छ, बजेटको विनियोजन स्वभाविकै छ । अझै व्यवस्थित गर्नु पर्ने, अलि समन्वय गर्नु पर्ने, सबै क्षेत्रलाई मुख्यगरी अब महानगरपालिका—१ एउटा, नगरपालिका—२६ वटा, गाउँपालिका—५८ वटा, वडाहरु—७५९ वटा वडाहरु छन् । हामीले योजना बनाउने क्रममा १ वडा १ प्रदेश सरकारको कार्यक्रम यति बनाउनै पर्ने रहेछ । त्यो कुनै पनिमन्त्रालयले त्यो नसक्ला तर भौतिक पूर्वाधार मन्त्रालय र खानेपानी मन्त्रालयले त्यो सक्नु पर्ने रहेछ । १ वडा १ कार्यक्रम, १ वडा १ सडक, १ वाडा १ खानेपानी योजना अन्य कुनै पनि मन्त्रालयको कार्यक्रम ७५९ वटा कार्यक्रम तयार गर्दा बढी प्रभावकारी र प्रत्येक वडाले र प्रदेश सरकार देखिनेरहेछ । त्यसमा हाम्रो अलिकति ध्यान नपुगेको देखिन्छ । यति कुरा गर्दै म बजेटको केही सुझावका सहित म बजेट प्रति समर्थन गर्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री राजिव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री प्रकाश चन्द्र दवाडी ।

**माननीय राजीव पहारी**

माननीय सभामुख महोदय, यो सम्मानित सभामा पूर्ववक्ता माननीयबाट अत्यन्त गम्भीर कुरा उठेको छ । यदि त्यो कुरा सही हो भने गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीले अविलम्व राजिनामा दिनुपर्छ । किनकि यो गण्डकी प्रदेश सभा भनेको एउटा जनताको सार्वभौम सम्पन्न सभा हो । यो सभामा अहिले बजेटमा विभिन्न मन्त्रालयहरुको शीर्षकमा छुट्याइएका रकमहरुको बारेमा छलफल चलिरहेको छ । बजेटमा कुन कार्यक्रमहरु समावेश गर्ने नगर्ने भन्ने कुरा निश्चित विधि प्रकृया अवलम्वन गरेर गरिन्छ । अर्थमन्त्रीले बजेट पेश गरिसक्नुभएको छ, त्यसमा छलफल हुन्छ, हिजोमात्र अर्थमन्त्रीज्यूले पूर्वाधार कार्यक्रम राख्ने भनेर कमेन्टमेन्ट गर्नुभयो । तर अघि एकजना माननीयले भने जस्तै यदि मुख्यमन्त्रीज्युले प्रेस विज्ञप्ति निकालेर मैले यी यी योजनाहरु नराख्ने भनेर मैले भनेको छु वा नराख्ने भनेर जानकारी उहाँले पत्रकार सम्मेलन मार्फत तर प्रेस विज्ञप्ति मार्फत गर्ने होइन यो सम्मानित सभामा आएर अर्थमन्त्रीले बोल्ने हो । यी यी कुराहरु जो बजेटमा संसोधन गरिएको छ, यी कुराहरु यो बजेटमा थपिएको छ भनेर अर्थमन्त्रीले भन्ने हो । त्यो आधिकारीक व्यक्ति भनेको अर्थमन्त्री हो यदि त्यस्तो कृयाकलाप गतिविधि भएको छ भने त्यो सिंगो संसदीय व्यवस्थामाथिको धज्जी उडाउनु हो, लोकतन्त्रमाथि गम्भीर रुपमा त्यो आघात पुग्ने काम हो । म माननीयज्यू प्रति असाध्यै सम्मान गर्छु, आभार व्यक्त गर्दछु ।हामी जुन संसदीय व्यवस्थामा छौ बजेट बन्ने पनि निश्चित प्रकृया छन् तिनलाई अवलम्वन गरेर सबै अगाडि बढ्नु पर्छ । सांसदलाई ढाट्न पाइदैन, संसदलाई छल्न पाइदैन, जनतालाई ढाट्न र छल्न कसैले पनि पाइदैन । सबै एउटा निश्चित विविध प्रकृयाबाट अगाडि रहनु पर्छ । सामाजिक सञ्जालमा लेखेर, बोलेर, कुनै सहयोगीबाट विज्ञप्ति निकालेर बजेट संसोधन हुने पनि होइन, फिर्ता हुने पनि होइन बजेट रहने पनि  होइन यस्तो काम नगर्नको निम्ति म सरकारको गम्भीर रुपमा ध्यानाकष्रण गराउन चाहन्छ ।

माननीय सभामुख महोदय, अहिले कोभिड—१९ बाट, बाढीपहिरोबाट, दैनिक खाद्य लगायत अन्य सम्पूर्ण सामग्री वस्तुहरुमा रहेको उच्च मूल्य वृद्धिको कारणले प्रदेशका सम्पूर्ण जनताहरु रोग, भोक र शोकबाट उठ्नै नसक्ने गरेर थिलो थिलो परेका छन् । किसानहरुले मल नपाएर खेतहरु बाँझो भएका छन् । विद्यार्थीहरुले पुस्तक नपाएर पढ्न पाएका छैनन् । इन्धनको मूल्य वृद्धि अत्यन्त बढेको छ, उपभोग्य सामग्रीको मूल्य आकाशिएको छ, यतातिर प्रदेश सरकारको ध्यान छ कि छैन ? यतातिर बजेटले कुनै संवोधन गरेको छ कि छैन ? सवाल के हो भने अहिलेको बजेटको मुख्य आवश्यकता के हो ? जनता

भोकभोकै मर्ने अवस्था छ, जनआन्दोलन लगायतका विभिन्न आन्दोलनमा घाइते भएका जनताहरुले उपचार नपाएर तड्पिरहेका छन् । यस्तो बेलामा पहिला हामीले जनताहरु रोग, भोक र शोकबाट बचाउने कि विभिन्न नाउँमा, विभिन्न शिषर्कमा करको रकम बढाएर जनताको ढाड सेकेर, जनताको घाँटी चिरेर अनि त्यसबाट उठेको रकमले अनुत्पादक क्षेत्रमा बजेट विन्यास गर्ने ? फजुल खर्चमा बजेट विन्यास गर्ने ? हो, लोकतान्त्रिक आन्दोलदनमा धेरै व्यक्तिहरुको योगदान छ । पहिला जनतालाई रोग र भोक बचाउ, पहिला वेरोजगारी समस्यालाई अन्त्य गरौं, कोभिड लगायतका विभिन्न कारणले जनताहरु तड्पिरहेको छन् । सत्तापक्षका एकजना ठूला नेताले मुलुक श्रीलंकाको दिशातर्फ गइरहेको छ भनेर भन्नुभएको छ हिजो । मुलुकको अवस्था त्यो छ, प्रदेशको अवस्था त्यो छ, यसमा कुनै वास्ता छैन । अनि शालिक बनाउनको निम्ति, भवन बनाउका निम्ति, अनि आफ्नो हातमा डाडु पन्यु भयो भनेर त्यस्ता काममा फजुल खर्च गर्ने कुराले के हामीले समृद्ध प्रदेश बनाउन सक्छौं ? सुखी जनता निर्माण गर्न सक्छौं ? प्रश्न यहाँ मेरो । हो ती कुराहरु पनि गरौंला, तर पहिलो प्राथमिकता के कुरा हो भन्ने हो ? त्यसो भएर म यहाँ गम्भीर प्रश्न राख्न चाहन्छु । अहिलेको बजेट हामीले हेरियो, मन्त्रालयगत विन्यास गरिएका रकमहरु पनि हेरियो त्यसमा अहिले बाढीपहिरोका कारणले जनताहरुको घरहरु डुवान भएको त्यो वस्ती संरक्षणका निम्ति बजेट खर्च गर्ने कि, हामीले एउटा कुनै ट्रष्टको भवन निर्माणको निम्ति बजेट खर्च गर्ने, विन्यास गर्ने ? कुन कुराको विन्यास गर्ने ? यो सरकारको नियत के हो ? उद्देश्य के हो ? काले काले मिलेर खाउँ भाले भन्ने जस्तो ढंगबाट के हामीले समृद्ध प्रदेश बनाउन सक्छौ ? के हामीले सुखी जनता स्थापना गर्न सक्छौं ? अहिले यहाँ मैल माननीय सभामुख महोदय, भौतिका मन्त्रालयको योजनाहरु हेरें, खेलकुद मन्त्रालय अन्तरगतका योजनहरु हेरें, यी योजनाहरुले के कुरालाई संवोधन गरेका छन् ? त्यो कुराको हामीले ख्याल गर्नुपर्छ कि पर्दैन ? यहाँ रातो किताव पनि आयो, रातो किताबमा नअटाएर फुत्त सेतो किताव पनि आयो उही केलाई केको धन्दा केलाई केको धन्दा के ज्वाईलाई खानाको धन्दा भनेझैं यहाँ बजेटमा कार्यक्रमहरु आएका छन । मैले स्वर्गवास हुनुभएका सबै बुवा—आमाहरुप्रति एकदम सम्मान, उच्च सम्मान छ त्यो भन्दा पहिलो प्राथमिकता अरुलाई दिनु पर्ने हो कि भन्ने त्यो महत्वपूर्ण कुरा हो । यतातिर सरकारको म ध्यानाकर्षण गराउन चाहन्छु र म भन्न चाहन्छु माननीय अर्थमन्त्रीज्यूलाई, सरकारलाई । गलत भएको कमीकमजोरी भएकोछ भने यो सदनबाट कार्यक्रमका योजनाहरुलाई फिर्ता लिएर अहिले

जनताको आवश्यकता के हो ? अपेक्षा के हो ? यिनीहरुलाई एड्रस गर्ने किसिमले सरकार अगाडि बढोस् । जनताले तिरेको करको रकम सरकारी कोषबाट मन्त्री र नेताको परिवारका नाममा, व्यक्तिगत स्वार्थसँग जोडिएर छुट्याउने कुरा करको राज्यकोषको चरम दुरुपयोग हो, सत्ताको निकृष्ट संचालन हो र आज दिउँसोको घामले छर्लङ्ग भएको छ । पृथ्वीसुव्वा गुरुङको नेतृत्वको सरकार ढालेर गठवन्धनको सरकार किन बनेको रहेछ भनेको त ? यस्तै यस्तै गर्नको निम्ति बनेको हो कि भन्ने प्रष्ट भएको छ । मलाई अहिले आदरणीय नेता वि.पी. कोइरालाले भनेको कुरा, जुन मैले अहिले उहाँको आत्मकथा पढेको थिएँ, अहिले झल्झली याद आइरहेको छ । नेतृत्वले गलत गर्दा पनि टुलु टुलु हेरेर बस्थें, अझ त्यस्ता कुराको प्रक्षपोषण गर्ने कार्यकर्ता भनौं वा जनप्रतिनिधि नै किन नहुन्, या त ती चरम अवसरवादी हुन्, या त ती दास हुन्, अझ यो कुरालाई त वि.पी. का हामी सच्चा अनुयायी हौं भन्ने त गायत्री मन्त्रझैं यसलाई विर्सिनु हुन्न, हार हमेसा ख्याल गरेर अगाडि बढ्नु पर्छ । माननीय सभामुख महोदय, यो बजेटले सिंगो संघीयतालाई वदनाम गर्न चाहने तत्वहरुलाई यसले मलजल गर्ने काम गरेको छ। त्यसो भएकोले म अनुरोध गर्न चाहन्छु, आग्रह गर्न चाहन्छु । कमी कमजोरी भएका छन् भने हामीले जनतासँग माफी मागेर, त्यसलाई सच्याएर हामी अगाडि बढौं । जनमुखी कार्यक्रम ल्याउनको निम्ति अनुरोध गर्न चाहन्छु, होइन भने बजेट पुस्तिकाको प्रत्येक योजनाको बारेमा जनस्तरमा वहस हुन आवश्यक छ, छलफल हुन आवश्यक छ, किनकि जनतालाई मैले फेरी पनि भन्न चाहन्छु, कर जनताबाट लिने, जनताको ढाड सेक्ने गरेर कर बढाउने अनि १० औं करोड रुपयाँ अनुत्पादकमा खर्च गर्ने अधिकार कसैलाई पनि छैन, किनभने जुन यो हामीले पैसा विन्यास गरेका छौं, यो हाम्रो कसैको वपौति होइन, कसैको विर्ता होइन, जनताबाट उठाएको रकम हो । आज त पशुपति शर्माको लुट कान्छा लुट गीतलाई नै गण्डकी प्रदेश सरकारले फ्लप बनाइदिएको छ । यो बजेट मार्फत सरकारले यो गीतलाई हिट बनाइदिएको छ । अहिले जनताले भनिरहेका छन्, सामाजिक सञ्चालमा लेखिरहेका छन् । जुट्ने बेला फुट्ने बेला आज हो कि भोलि, मौका यही हो साथी भाइ हो भरौं आफ्नो झोली । हेर भाइ हो गठवन्धन कहिले फुट्ने हो, सके जति यही बेलामा लुट्नु लुट्ने हो । चुनावसम्म मिल्न पर्छ घन्कौं साथी नारा, देखाइदिन्छौं दुनियालाई गठवन्धनको पारा । भुट्न सके भुट् सरकार लुट्न सके लुट । अन्त कहाँ होला यो प्रदेश सरकारमा जस्तो व्रह्म लूट, भनेर जनताले सामाजिक सञ्चालमा लेखिरहेका छन् । यो प्रति हामी उत्तरदायि हुने कि नहुने ?

यो प्रति हामी जिम्मेवार हुने कि नहुने ? म  अर्को कुरा पनि अनुरोध गर्न चाहन्छु । माननीय सभामुख महोदय, मन्त्रालय  अर्थ भयो, काम चाही अलिकति अनर्थ भयो । असार १ गते रातो किताव आयो त्यसपछि फुत्त सेतो किताव आयो, अब कहिले फेरी पहेँलो किताव आउने  हो ?  यसकारण म अर्थमन्त्रीज्यूलाई पनि हिजो लामो समय आन्दोलनमा खारिएर आएको व्यक्तित्व हुनुहुन्छ । कम्तिमा जनचाहना आकांक्षाहरुका योजनाहरु समेटेर यी फजुल खर्चका योजनाहरुलाई कटौती गर्ने कुरामा पनि तपाईंको ध्यान पुगोस्, म अनुरोध गर्न चाहन्छु, आग्रह गर्न चाहन्छु । अनि हाम्रो कार्यकाल जम्मा ४ महिना बाँकी छ, करिव ४०० वटा भौतिक योजना मन्त्रालयका योजना रातो कितावमा छन् । अब पूर्वाधारको पछि, प्रत्येक निर्वाचन क्षेत्रमा २५ वटा योजना हेर्दा कति हुन्छ त्यो कहिले कार्यान्वयन हुने हुन् भनेको  के ? यतातिर हामी सबै सचेत हौं । कम्तिमा संघीयतालाई कमजोर बनाउने काम गण्डकी प्रदेश सरकारबाट भयो भन्ने कुरा नहोस् । यिनै कुरा राख्दै अन्तिममा ।

माननीय सभामुख महोदय, मेरो बुवा पनि २२ दिन अगाडि दिवंगत हुनु भयो । माननीय मुख्यमन्त्रीज्यू, संस्थापक  मुख्य  मन्त्रीज्यू, माननीयज्यूहरु, सभापतिज्यू, उपसभापतिज्यू, माननीयज्यू सबैले श्रद्धा सहानुभूति राख्नुभयो अलिकति उच्च मनोवल उच्च भएको छ, मेरो बुवा पनि मेरो राजनीतिको आदर्श हो । मेरो बुवाको नाममा पनि ट्रष्ट बनाउने हो कि ? भनेर परिवारसँग सल्लाह गर्छु । यति कमेण्टमेण्ट गर्छु मेरो बुवाको नाउँमा आजीवन कोषको त्यो ट्रष्टबाट १ पैसा पनि त्यो ट्रष्टमा नराख्ने प्रतिवद्धता जाहेर गर्दै म फेरी पनि अनुरोध गर्दछु कि काम गर्दा कमिकमजोरी हुन्छ त्यो कमिकमजोरीलाई सच्याउ, अहिले देशको अवस्था के छ ? जनता चरम अभावमा छन्, जनता चरम संकटबाट गुज्रिरहेको छन् । यो बेलामा मेरो गोरुको बाह्रै टक्का नगरौं, अनि गलत कुरालाई विभिन्न कुराको लेपन लगाएर, गलत कुरालाई सही ठहराउने पनि प्रयत्न नगरौं । हरेक पहेँलो वस्तु सुन हुँदैन, पित्तल पनि हुन्छ । अहिले बजेटमा कतिपय कुराहरु गलत कुराहरु आएका छन् भने त्यसलाई करेक्सन गरेर अगाडि बढौं त्यसले नै मान्छे महान हुन्छ । माननीय मुख्यमन्त्रीज्यू, जस्तो एउटा इमानदारी व्यक्तित्वले यहाँ नेतृत्व गरिरहेको बेलामा, यो ढंगबाट यसरी बजेट आएका कुरालाई ए गलत हो भनेर उही अहिले तपाईं हामीलाई छैन ? आवेगमा हत्या गर्यो, हत्या गर्ने मान्छेलाई गोली हान्यो नि, त्यो बेलामा चर्को चर्को स्वरले ताली बजाइरहेको थियो । सबै ताली बजाउने मान्छेहरु शुभचिन्तक  नहुन सक्छन् यिनले

कुन उद्देश्यले के गरेका छन् भन्ने कुरा मन्त्रीहरुले बुझ्नु पर्छ । यिनै कुरा राख्दै, यो बजेट समर्थन गर्नु भनेको र स्वीकार्नु भनेको यो प्रदेशलाई मात्रै होइन सिंगै संघीयतालाई नै समाप्त गर्नु हो । त्यसो भएको हुनाले यो बजेट फिर्ता गर्नको निम्ति र धेरै कार्यक्रम संशोधन गर्नका निम्ति यो प्रदेश सरकार एकमना अगाडि बढोस् र यो बजेट कुनै पनि यहि हालतमा कार्यान्वयन नहोस् यो कार्यान्वयन भयो भने यो प्रदेशको जनताले दुःख पाउने छन् र प्रदेश अन्धकारमा पर्नेछ भन्दै यो बजेट प्रति गम्भीर असहमति मात्रै होइन यो बजेटको आलोचना गर्दै यस बजेतमा समर्थन नगर्ने प्रतिवद्धता गर्दे विदा हुन्छु । धन्यवाद, नमस्कार,अभिवादन ।

**माननीय सभामुख**

माननीय सदस्य श्री प्रकाश चन्द्र दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री जुनादेवी नेपाली ।

**माननीय प्रकाश चन्द्र दवाडी**,

सभामुख महोदय, आज २०७९ विनियोजन विधेयकको बारेमा हामी छलफल गर्दैछौं । विभिन्न मन्त्रालयका छलफलमा हामी छौं र आज मलाई यहाँ रोष्टममा बोल्ने वौद्धिक माननीयज्यूहरुले धेरै भनिसक्नुभएको छ, कुरा आइसकेको छ । मलाई २—४ वटा कुरा मन्त्रालयको बारेमा कुरा राख्न चाहन्छु । आज हामी जनता, हामी नेता, हामी सबैलाई चाहिने कुरा खानेपानी । खानेपानीको सन्दर्भमा अलिकति भन्न चाहें, आज गोरखामा गोर्खाको ११ वटै स्थानीय तहमा गोर्खा खानेपानी डिभिजन कार्यालयले सबै खानेपानीलाई चेक गर्दा धेरैलाई कतिको थाहा छ ? कोलीफर्म भन्ने किटाणु सबै गाउँपालिका, नगरपालिकामा देखिएको छ । चेक गर्दा गोरखाको पालुङटार ना.पा., गोरखाको वारपाक सुलीकोट गा.पा. मा एउटै पनि खानेयोग्य नभेटिएको कुरा म सदनलाई अवगत गराउन चाहन्छु । अन्य गा.पा.हरुमा सहिद लखनमा १० ठाउँमा चेक गर्दा ९ ठाउँमा, सिरानचोकमा १४ ठाउँमा चेक गर्दा १२ ठाउँमा, भिमसेन थापामा १० ठाउँमा चेक गर्दा ६ ठाउँमा, अजिरकोटमा ८ ठाउँमा चेक गर्दा ३ ठाउँमा र चुमनुम्री ११ ठाउँमा चेक गर्दा ७ ठाउँ र धार्चे ८ ठाउँमा चेक गर्दा ५ ठाउँमा यस्तो रोग भेटिएको खानेपानीमा कोलीफर्म भन्ने रोग । अन्य जिल्लामा पनि अगाडि चेक गरेको छ कि छैन रु मैले आज खानेपानी मन्त्री देखिन । मैले किन यो कुरा राखें भने गोर्खाको पालुङटार जस्तो शहर भएको

ठाउँमा एक ठाउँमा पनि खाने योग्य पानी नभएर सबै ठाउँमा कोलीफर्म रोग देखिइको छ । यो सबै सभामुख मार्फत् सरकारमा ध्यानाकर्षण गराउन चाहन्छु । गण्डकी प्रदेशको ११ वटै जिल्लामा चेक गरेर के छ खानेपानीको तुरुन्तै चेक गरेर रिर्पोट सदनमा उपलव्ध गराइदिनु हुन अनुरोध गर्दछु । यहाँ योजनाहरु आए कोही ठाउँमा धेरै गए, कुनै ठाउँमा थोरै गए । मलाई पनि लाग्थ्यो अस्ति भनें मैले, मलाई पनि २—४ अरव गोर्खामा राख्न पाए अलि खुशी हुन्थें । यहाँ मलाई धेरै युवाहरुले घेर्थे, खेलकुद मन्त्रालयमा गएको मन्त्रीज्युले त योजना त छदैछैन भन्नुभयो । हुन पनि खेलकुद मन्त्रालयमा पाए १ गाउँपालिका एउटा खेलमैदान, अझै साविकको वाड सबै माननीयहरुलाई इच्छा छ, भोली त्यहाँका युवाहरु चाहिन्छ चुनाव लड्ने मान्छेलाई तैपनि त्यो कोही सम्भव भएन त्यो गाउपालिकामा केही पनि परेन मलाई चिन्ता छ । अरु साथी, प्रतिपक्षका माननीयज्यूहरुलाई पनि हाम्रो त पर्या पर्यै छ । यहाँ के भएको छ भने, आज आएकै योजनाहरुमा पुराना योजनहरुमा पैसा कम । अब फेरी धेरै कुरा गर्न मन लाग्छ, गोर्खाकै भएर होला हाम्रा खानेपानी सिँचाईमन्त्रीज्यु ६ लाख पनि हाल्नुभएको थियो त्यो नभई नहुने ठाउँमा योजनाहरु कम भएको छ । तर अब अहिलेसम्म जे भयो भयो अब आउनेमा स्वास्थ्यमा जाँदा स्वास्थ्यको त्यही हालत छ । भौतिक पूर्वाधारमा हेर्दा भौतिक पूर्वाधारको कुन योजनाले पूर्णता पाएको छ त्यो पनि हेर्नै बाँकी छ । अब पर्यटन त गोर्खाको नमुना ठाउँ, धार्चे, वारपाक, सुलीकोट डाँडा हुँदै धार्चे पदमार्ग भनेर सधै बोल्ने गरिएको छ अहिले त्यहाँ पनि बजेट छैन । त्यसो हुँदा भच्येकबाट नागेपाखरी पदमार्ग यी धेरै छन् । मैले यो भन्न चाहिन तर आज किन यो कुरा गर्दैछु भने बजेटले जति बजेट छुट्याएको छ, जति बजेट कार्यान्वयनमा जानु पर्छ सफल भयो भने तर यो गण्डकी प्रदेश अरु हाम्रा प्रतिपक्ष माननीयज्यूले भनेको जस्तै गण्डकी प्रदेश राम्रो नहुनेवाला छैन, राम्रै हुन्छ । होला कुनै ठाउँमा अपुरो छ अपुरोलाई पुरा गर्नुपर्छ। भएको कुरालाई कोट्याउनु पर्छ, किन कोट्याउँदैछु भने आज भौतिक पूर्वाधारका बाटाहरु छन्, बाटो कमसेकम हामीले के अगाडि बढाउनु पर्छ भने, सरकारमा रहने सभामुख मार्फत मन्त्रीज्यूहरुलाई के अनुरोध गर्छु भने, एउटा वाडमा साविकको वाडमा र एउटा गाउँपालिकामा प्रत्येक ठाउँमा एउटा बाटो पिच गरिहाल्नु पर्छ भन्ने धारणा सबैको छ र जनताको पनि छ । यो आउने बजेटबाट पूरा हुनेछ भन्ने मैले अपेक्षा गरेको छु । यहाँ पिछडिएका वर्ग, गरीव, उत्पीडित वर्गलाई बजेट भएन भन्ने कुराहरु पनि आयो तर मलाई पनि त्यही लागेको छ । मेरो दुर्गम ठाउँ जहाँ

जनताले पानी लिन पनि २ घण्टा गाग्री मा बोक्नु पर्छ । पानी लिन गयो भने त्यो गाउँपालिकाको सबै गाउँपालिकामा कोलिफर्म भन्ने रोगैरोग, सबै चेक गर्न लागेको रोगैरोग छ जता गए पनि, अहिले त हाहाकार छ ।

त्यसैले आज तपाईं हामी बस्नु पर्ने उपायहरु, बस्नको लागि अगाडि गराउन किन भएको छैन सभामुख महोदय म सरकारलाई अलिकति सचेत गराउन चाहन्छौं । यहाँ सरकारमा आएका कुराहरु सबै राम्रा छन् भन्ने चलन छैन हाम्रो। राम्रो भन्ने चलन छैन हाम्रा, राम्रो भएन भन्ने चलन हुन्छ तर आज कृषक रोइरनु भएको छ, गएको सरकारमा रोइरहनुभएको थियो अहिले पनि रोइराहनु भएको छ । अहिले मात्र होइन पहिला ३ साँढे तीन वर्ष सम्म चलाउने हाम्रा प्रतिपक्षका साथीहरुले पनि रुवाइरहनु भएको थियो कृषकलाई तर अहिलेको सरकारले पनि रुवाइरहनु भएको छ । तर यो सरकारले आउने बजेटमा कृषि मल नभए अर्गानिक मलको व्यवस्था गर्नुपर्यो । यो अर्गानिक मल नभए अपसन त चहियो भन्ने कुरामा कृषकहरु चिन्तित छन्। यो किन हुन सक्दैन सभामुख महोदय ? त्यसैले सरकारमा म के अनुरोध गर्न चाहन्छु भने कृषि मन्त्रीलाई कृषकलाई दिनको लागि कृषकलाई चाँडैनै दिनको लागि सुचारु रुपमा हो कृषि मल ल्याउन सकिएन अर्गानकि मलको व्यवस्था गर्नु पर्यो, अर्गानिक मल ल्याउन सकिएन कृषि मल ल्याउनु पर्यो । त्यो मलाई लागेको छ । सायद अब होला । यो भन्दा अघिल्लो वर्ष हामी सबै काममा कोरोनाले अलि लम्वाउँदै थियो तैपनि अब केही होला जस्तो अनुभूति भएको छ ।

यहाँ अलि बढी चर्चा भएको छ गण्डकी प्रदेश सरकारको । के चर्चा भएको छ भने, बाँदरले कृषक रुवाको रुवाई छ कृषकहरुलाई । अरु केही भन्नु भएको छैन मलाई बीउ दिनुस्, मलाई बीउ दिनुस् भन्नुभन्दा पनि पहिला मलाई बाँदरबाट जोगाइदिनुस् कसरी जोगिने भन्नुभएको छ, हामीले केही सोचेका छौं, तैपनि अलिकति छोएको रहेछ अहिले साथीहरुले भन्नुभयो, धेरै कुरामा छोएको छ यो सरकारले, यसलाई म हृदयदेखि धन्यवाद दिन पनि चाहन्छु । छोएको कुरा भएको कुराको धन्यवाद दिन जान्नु पर्छ हामीले । तर यतिले पुग्दैन, अब कहींबाट रकमान्तर गरेर हुन्छ, कतैबाट रकम ल्याएर हुन्छ बाँदरको व्यवस्था हरेक जिल्लामा सकिन्छ साविकका गाउँहरुबाट शुरु गरौं, सकिदैन जिल्लाबाट सुरु गरेर यो काम पहिलो नम्वरमा निर्णय गर्नु पर्छ जस्तो मलाई लागेको छ । म सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

यहाँ अरु धेरै पर्यटनका कुरा, उद्योगका कुरा, सडकका कुराहरु मैले भन्नु भन्दा पनि आउँदो बजेटमा आएको बजेट यो सरकारले कार्यान्वयन गरेर स्वास्थ्य, शिक्षा, खानेपानी पहिलो प्राथमिकता दिएर म यो सरकारले के गरेको छैन भन्दा के गरेको छ भन्ने देखाउन म भन्न चाहन्छु । यहाँ ट्रष्टका कुराहरु आएका छन्, ट्रष्टका कुरामा मेरो पनि विपमत छ। होला ट्रष्टमा कोही माननीयहरुको बुवा हुनुहुन्छ र कसैको आमा हुनुहुन्छ र माननीयहरुको पनि बुवा हुनुहुन्छ र सबैलाई एउटै यांकमा राखुहुन्न भन्ने चाहना मेरो। सबै कुन लेवलको हुन्छ भन्ने चाहना रु यहाँ त अघि मैले देखें जेठाजुको नाममा पनि ट्रष्ट बनाएर ५० लाख हालेको छ, तपाईंहरुलाई कसैलाई पनि थाहा छैन । अब यस्तै यस्तै छ यहाँ त, हामीले बाउहरुको मात्र नाम देखेका छौं, जेठाजुको नाममा पनि हालेको छ। तपाईंहरुले हेर्नुभएको छैन होला माननीयज्यूहरु किनभने यी कुराहरुलाई अलिकति सतर्क रहेर हामीले सोचेनौं भने, हामी माननीयहरुको वदनाम हुन्छ, गण्डकी प्रदेशको वदनाम हुन्छ ।

त्यसैले मैले के कुरा राख्न चाहें भने, आज यो ठाउँमा हामी जसरी यो काम गर्न अगाडि बढेका छौं, यो सरकारले जसरी अगाडि बढेको छ, यो किताव ल्याएको छ, प्रतिपक्षका साथीहरुले भनेको जस्तै सबै नराम्रो छैन, कुनै त्रुटीपूर्ण भएको होला, कुनै त्रुटीपूर्णबाट अगाडि नबढेको होला, त्यसैले अब हामी सच्चिएर, हामीले कुनै गल्ती गर्यौं भने यी कुरालाई अगाडि बढाउने हामी प्रतिवद्धता जनाउने सरकारले जनाएर सभामुख मार्फत हामी प्रतिवद्धता जनाउनु पर्छ र हामी सत्तापक्षका सांसद साथीहरुले पनि यो बजेटलाई कार्यान्वयन गर्न अगाडि बढ्नु पर्नेछ । यो बढ्नलाई म र हाम्रो संसदीय दलको पार्टी पूर्ण समर्थन रहेको प्रतिवद्धता जनाउँदै मेरो भनाई अन्त गर्छु । हस् त धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री जुनादेवी नेपालीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री जनकलाल श्रेष्ठ ।

**माननीय जुनादेवी नेपाली**

माननीय सभामुखज्यू, आज हामी विनियोजन विधेयक २०७९ अन्तर्गतका केही विषयगत मन्त्रालयहरुको छलफलको क्रममा रहेका छौं । भनिन्छ, एउटा नेपाली उखान छ,

आफूलाई कामको आतुरी, कसैलाई खानको आतुरी भनेझैं यो सरकार जनतालाई परेको पिरमार्का, समस्या प्रति अन्यथा गर्दैछ । पर्वत जिल्ला कुश्मा न.पा. भित्र पर्ने दोविल्ला सिलिङ जोड्ने मोतिखोलाको मोटरेवल पुल जीर्ण अवस्थामा पुगेको र केही समय अगाडि संसदमा कुरा उठाइयो, मन्त्रीज्यूको जवाफ पाइयो । तत्काल र दीर्घकालिन हामी समस्या समाधान गर्नेछौं तर अवस्था जिउँका तिउँ छ । काम अहिलेसम्म पनि हुन सकिरहेको छैन र त्यति मात्र होइन, वार्षिक विकास कार्यक्रममा पनि यो योजना आउँदैन। जनताको आधारभूत आवश्यकता खानेपानी जस्तो विषयमा एउटा योजना ५ वर्षसम्म पनि पूरा गर्न सक्दैन यो सरकार ।

यस्ता जनतालाई परेको समस्या र जनताका आधारभूत आवश्यकतामा बजेट राख्न नसक्ने सरकार, किसानहरुलाई समयमा मल बीउको प्रवन्ध मिलाउन नसक्ने, बजारमा दैनिक उपभोग्य सामग्रीमा ढाड सेक्ने गरी बढिरहेको मूल्य वृद्धि, म्याद नाघेका अखाद्य वस्तुहरु सेवन गर्न जनता वाध्य छन्, यसको नियन्त्रण, अनुगमन गर्न नसक्ने, मूल्य वृद्धि भएकै कारण उपभोक्ता समिति र ठेकेदारहरु विकास निर्माणका काम अगाडि बढ्न सकिराखेका छैनन् । महंगी अनुसार मूल्य निर्धारण हुन सकिराखेको छैन । विद्यार्थीहरुलाई समयमा पुस्तक उपलव्ध गराउन सकिराखेको छैन । यति मात्रै होइन, कतिपय योजनाहरु अलपत्र अवस्थामा छन् । बजेट पूर्ण रुपमा खर्च हुन सकिराखेको छैन । सरकारको ध्यान छ जस्तो अनुभूति जनतालाई भइराखेको छैन ।

केवल छ त नातावाद, कृपावादका आधारमा बजेट छुटयाउने, आफ्ना रआफन्तका नाउँमा ट्रष्ट, नीजिकोष जस्ता विषयमा कसलाई कति भागवण्डा सिमित हो कि भान भइरहेको आभास हुन्छ यस्ता कुरामा सच्चिन आवश्यक छ । ट्रष्टका नाउँमा करोडौं करोड खर्च गर्न बजेट राख्न सक्ने यो प्रदेश र यही प्रदेशमा १७.४ प्रतिशत दलित समुदाय छ, त्यो दलित समुदाको विषयमा बजेटहरु राख्नलाई आनाकानी गर्ने, नीति तथा कार्यक्रमहरुमा संवोधन गर्ने र ती कार्यक्रमहरु नीति तथा कार्यक्रममै सीमित हुने त्यसले बजेट नपाउने अवस्था हिजो देखि आजसम्मै रहिरहेको छ र यस्तो बजेटले दलितको मुक्ति सम्भव छैन । दलित मुक्ति बिना बजेट यो समुदायको परिवर्तन पनि सम्भव छैन। दलित समुदायको भित्रको गरीवि अशिक्षा, रोजगारी अवसरको सृजनाको लागि विशेष कार्यक्रम ल्याउन आवश्यक छ त्यसैले यो बजेट विभेद्कारी छ, नीति तथा कार्यक्रममै सीमित छ, सच्चिन

आवश्यक छ । हामी अहिले मध्य वर्षामा छौं, यतिबेला भारी वर्षा, बाढीपहिरो जस्ता हुन सक्ने विपद् जोखिम प्रति उच्च सतर्कता अपनाउन म आग्रह गर्दछु ।

जनताको दैनिक जीवनमा आइपर्ने समस्या प्रति, इच्छाशक्ति जोश जाँगरका साथ अगाडि बढ्न आवश्यक देखिन्छ । नेपालको संविधान मौलिक हक र कर्तव्यमा धारा ४० मा दलितको हक सम्बन्धी अधिकारमा त्यसको उपधारा ५ मा राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एक पटक जमिन उपलव्ध गराउनु पर्नेछ, त्यो जीविकोपार्जन गर्न मिल्ने खालको भनेर आएको थियो र यी मौलिक हकहरुमा कानुनहरुमा ३ वर्षमा कानुन बनाएर जनतालाई ती अधिकार उपभोग गर्न पाउने संविधानले व्यवस्था गरेको छ । अहिले संविधान आएको म यो स्थानीय तह गण्डकी प्रदेश र नेपाल सरकारलाई प्रश्न गर्न चाहन्छु, गण्डकी प्रदेशको सभामुखज्यु मार्फत कति वर्ष भयो र कहिले यस्ता कानुनहरु आउँछन् र यी अधिकारहरु जनताले उपभोग गर्न पाउँछन् ? र अर्को उपधारा ६ मा राज्यले आवासविहीन दलितहरुलाई कानुन बमोजिम बसोवासको व्यवस्था गर्नेछ भनेर आएको छ, यसको पनि काम गर्नको लागि सरकारहरु तत्पर देखिदैनन् । अर्को यो उपधारा १ मा सार्वजनिक सेवा लगायतका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने छ भनिएको छ।

यस संसदमा विगत ५ वर्ष देखि पटक पटक यो सशक्तिकरणको कुरा मैले उठाइरहेको छु । विगत संघीयता आउनु भन्दा पहिले सशक्तिकरणको केही प्रतिशत बालबालिका लक्षित समुदाय महिला भनेर छुट्टिन्थ्यो त्यसकौ आर्थिक सशक्तिकरण सँगसँगै अधिकारसँग सशक्तिकरण थुप्रै कामहरु भइराखेको थियो । संघीयता आएपश्चात् झन् यी कुराहरु हटेर जाने र कतिपय कुराहरु दलितको सन्दर्भमा संविधानमा भएका कुराहरु कानुन बनाएर ती संविधानमा लेखिएका कुराहरु पनि कटौती गर्ने काम सरकारहरु गरिरहेका छन् । यो हुनुहुन्थेन, आगामी दिनमा यस्ता कुराहरुमा सच्चिन आवश्यक छ। गण्डकी प्रदेशमा पनि दलित सशक्तिकरण ऐन विगत हामीले पटक पटक उठाइरहेका थियौं । हामी मन्त्रीज्यूहरुबाट व्यक्तिगत छलफल, भेटघाटमा यो ऐन हामी अगाडि बढाउँदैछौं भन्नुहुन्छ तर अहिलेसम्म पनि आइरहेको छैन । यो दलित सशक्तिकरण ऐन छिटै आओस् भन्ने म माग गर्दछु । यो परम्परागत पेशा, व्यवसाय प्रवद्र्धनमा विगतदेखि बजेट अहिले यो वर्ष

पनि झन् घट्दै गइरहेको छ, एकत बजेट आएर कार्यान्वयनमा समस्या थियो, त्यसैमा एक वर्षदेखि बजेट शीर्षकहरुमा न्यून भइरहेको छन् ।

जातीय छुवाछूत जस्ता अभियानहरु, कार्यक्रमहरु राख्ने र ती कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन नगर्ने स्थानीयहरुलाई दिने र त्यस्ता कार्यक्रमहरु स्थानीयहरुले चासो नदेखाउने र स्थानीय तहहरुले सेवा सुविधा ऐन बाहेक अन्य ऐनहरु कार्यान्वयन गर्नको लागि त्यति उत्सकुता नदेखाएको हामीलाई अनुभूति भइरहेको छ, म सरकार मार्फत यस्ता कुरामा ध्यान दिनको लागि म विशेष जोड दिन चाहन्छु । यो विकास निर्माणको सन्दर्भमा प्रदेशको महत्वपूर्ण भूमिका रहने गर्दछ, तर हाम्रा गतिविधिहरुले अहिले जसरी सामाजिक सञ्जालहरुमा आइरहेका छन्, यी र यस्ता गतिविधिहरुले संघीयतामाथि प्रश्न चिन्ह उठिरहेको छ । त्यसैले यस्ता गतिविधिहरु नगर्नको लागि म विनम्र अनुरोध गर्दछु। यो नागरिकता सम्बन्धी विधेयक संघीय संसदबाट फिर्ता भएको छ ।

यो आमाको नामबाट नागरिकता प्राप्त गर्ने  कुरा जनताको आफ्नो विभिन्न हरेक ठाउँमा जागिर खाने सन्दर्भमा, हरेक समस्यामा नागरिकता नभई नहुने हुनाले यो विधेयक संसदबाट फिर्ता भएको हुनाले पुनः म प्रदेश सरकार मार्फत संघीय सरकारको यो नागरिक सम्बन्धी विधेयक ल्याएर जुन आमाको नामबाट नागरिकता प्राप्त गर्ने जुन संविधानमा प्रावधान छ, त्यो प्रावधानको लागि आमाको नाउँबाट प्राप्त गर्ने कुरा छिटै नै सरकारले यस्ता कुराहरुको समस्या समाधान गर्ने तर्फ जानेछ भन्दै मेरो भनाई यहीँ अन्त्य गर्दछु । धन्यवाद, नमस्कार ।

**माननीय सभामुख**,

माननीय सदस्य श्री जनकलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री मन बहादुर गुरुङ ।

**माननीय जनकलाल श्रेष्ठ**,

माननीय सभामुख महोदय, आज माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनले विनियोजन विधेयक ०७९ अन्तर्गत भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था युवा तथा खेलकुद, भूमि व्यवस्था, कृषि तथा गरीवि निवारण अर्थ मन्त्रालयका यी ४ वटा

मन्त्रालयमा भाग लिन पाएको छौ । आज म यो छलफलमा भाग लिनको निमित्त समय दिनुभएकोमा सभामुखलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । विद्वान मित्रहरु सबैले आ–आफ्नो कुरा राख्नुभएको छ । यसलाई सरसर्ती हेर्दाखेरी मलाई के लागेको छ भने, भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्थामा मध्यकालिन खर्च संरचना आ.व.०७९/८०/८१/८२ को जुन पुस्तीका हिजो हामीले पाएका थियौं त्यो मैले अध्ययन गर्ने मौका पाएँ । त्यहाँ दीगो विकासका लक्ष्य सुचक अनुसार त्यहाँ राखिएको रहेछ ।

कसरी गर्ने त्यो ? कसरी ल्याउने भन्ने कुरा त्यहाँ प्रष्ट छुटयाएको रहेछ मैले त्यो पनि अध्ययन गरे, नीति तथा कार्यक्रमको पनि अध्ययन गरें त्यसपछि यो विनियोजन विधेयकको सम्बन्धी कुराको अध्ययन गरेर हेर्दाखेरी यहाँ केही तालमेल मैले देखिन । विद्वान माननीयजी हुनुहुन्छ, मैले हिजो मात्रै त्यो किताव पाएको थिएँ, त्यो किताव हेर्नु हुन अनुरोध गर्दछ । निर्देशन के दिएको छ भन्ने कुरामा ? विनियोजन कसरी लानुपर्छ भन्ने कुरामा ? यहाँ मैले केही  देखेको छैन, आज म त्यही कुरा राख्न मन लागेको छ ।

मध्यकालिन खर्च संरचना आ.व. ०७९/८०/८१/८२ को दिगो विकास लक्ष्य अनुसार ०७९/८० को वार्षिक विकास कार्यक्रममा मेल खाएको देखिएन, किन देखिएन भने सडक, सडक पुल, झोलुंगे पुलहरुको दिगो विकासको लागि पूर्वाधारको विशेष भूमिका रहन्छ भनेर कितावमा लेखिएको छ । स्रोत संचालनमा समावेशीमा रुपान्तरण रकम विनियोजन प्रभावकारी रुपले गरेको पाइएको छ त्यसमा के लेखेको छ  त्यो गर्न पाईदैन त्यो उल्लेख गरेको छ तर यहाँ पूर्वाग्रही विनियोजन गरिएको छ । गण्डकी प्रदेशको गाउँवस्ती र झोलुंगे पुलको महत्व अर्थपूर्ण छ । पक्की पुल नहुनु, यातायातको साधन वर्षायाममा जान नसक्नुले पनि झोलुंगेपुलबाट मानिसहरु चौपायाहरुको ओहोर दोहोर गर्ने वातावरण सिर्जना हुन्छ किनभने हामीले त्यस ठाउँमा पक्की पुल बनाउन सकेका छैनौ । एक डाँडाबाट अर्को डाँडामा खोला तरेर जान पर्ने परिस्थितिमा त्यहाँ झोलुंगे पुलको आवश्यकता हुन्छ । त्यसकारण मध्याकालिन खर्च संरचनाले के निर्देशन दिएको रहेछ भने, भौगोलिक तथा भौगोलिक अवस्था बिच आर्थिक र सामाजिक गतिविधिले गतिशील बनाउन सानातिना आयोजनामा बजेट छर्ने प्रकृतिको अन्त्य गरी रणनीितिका महत्वपूर्ण सडक निर्माण गर्न केन्द्रित हुनु भनि उल्लेख भएको छ । निर्देशन दिएको छ किताववाट। हामी त्यसमा छौ कि छैनौं त्यसआधार हामीले काम गरेको छ कि छैन, विनियोजन गरेको छ कि छैन भन्ने

कुरा यसले दर्शाएको छ । सभामुख महोदय, आ.व.०७९/८० को वार्षिक बजेटमा झोलुङेपुलहरु निर्माण कार्यको पूर्वाधार विकास कार्यक्रम राखेको छ । मलाई छाएैको के छ भन्नुहुन्छ भने दुरदार बसेकाको मालहरु, मगरहरु, दलितको वस्तीहरु कुनाकाप्चामा बसेको हुन्छ । शहरी वातावरणमा कम मात्रामा बसेको हुन्छ । त्यस मध्येमा एउटा झोलुंगे पुल मैले माग गरेअनुसार ०७७/७८ को वार्षिक विकास कार्यक्रममा डिपिआर गरेर बसेको त्यो झोलुंगे पुल थियो जहाँ विद्यार्थीहरु उच्च मा.वि. पढ्नको निमित्त त्यो खोला तरेर आउने पर्ने अवस्था रहेको छ र त्यही डिपिआर भएकोलाई ०७८/७९ मा के गरियो भने अनुसूची—१ मा राखियो, पैसा भए गर्ने नत्र नगर्ने भनेर राखियो । अहिले त्यही राखिएको छ, साह्रै गज्जवले राखुभएको छ, किनभने यो ४ वटा झोलुंग पुल योसँग जोडिएको छ । त्यसमा रकम समावेश कति गरिएको छ भने २० लाख गरिएको छ । अघि तपाईंहरुलाई सजिलो होस् भनेर मैले के भनेको छु भने प्रदेश विकास कार्यक्रम नवलपुरको योजनामा पृष्ठ नं. ५८ मा हेर्नुहोला, क्रम संख्या २०७९ मा ४ वटा झोलुंगे पुलको निमित्त २० लाख छटयाएको छ, जहाँ कि डिपिआर भएको छ ०७७/७८ मा आज ४ वटा झोलुंगे पुलको निम्ति २० लाख छुट्याइएको छ । त्यति मात्र होइन सभामुख महोदय । त्यही नवलपुरमा आज रोका भन्ने ठाउँमा झोलुंगे पुलको योजना परेको छ । एउटा झोलुंगे पुललाई ३० लाख छुट्याएको छ, कति अन्तर छ ल भन्नुहोस् त ? कति अन्तरले काम गरेको छ भन्ने कुरा त्यही पृष्ठ नं. ५८ क्र.सं. ९९—१०० मा हेर्यो भने प्रष्ट थाहा हुन्छ। भन्न खोजेको केहो भने, कसरी समावेसिता रहेको छ त ? कार्य योजना कसरी राम्रो भएको छ त ? प्रदेश सरकारले कसरी गर्न खोजेको छ त भन्ने कुरा यहाँबाट प्रष्ट हुन्छ कि हुँदैन ? मैले भनिसकें त्यस आधारमा हेर्दा पनि त्यहाँ थाहा हुन्छ । यसकारण म के भन्छु भने, बसन्तपुर स्कूल भनेर नामै राखिएको छ, स्कूल त गीरवारीबारी खोला छ सिमेन्ट दिन्छु भनेर भीरबारी खोलाको त्यो वडा नं. ९ त्यो झोलुंगे पुल पर्छ त्यसकारण त्यसको निम्ति कम्वाइन गरेर यो चार्टमा होइन, प्रदेश सरकारले निर्माण गरिदियोस् । ३ वर्ष अगाडि डिपीआर गरेको यो झोलुंगे पुल सम्बन्धी डिईसँग कुरा गर्नु भयो भने पनि उहाँहरुले आएर हेरिसक्नु भएको छ । अब कुरा के आएको छ भने २० लाख परेको छ ४ ठाउँमा गएर हेर्नु पर्नेछ भनेको यो नहोस् भन्न चाहन्छु म । यो त उदाहरण मात्रै हो, यस्तो त कति ठाउँमा भएको छ भएको छ होला । उदाहरणको निमित्त मैले यो प्रस्तुत गरेको मात्रै हो । अब त्यस्तै गरेर । सभामुख महोदय, पर्यटन मन्त्रालयबाट ०७७ ।

०७८ मा कुमालहरुको हाम्रो वस्ती ३ वटा जिल्लामा छ तनहुँ, स्याङजा, नवलपुर कुमाल वस्ती छ । त्यो हामीले के चाहेको त्यो बेला भने, कुमालको माटोको भाँडा बनाउने त्यो सीपमूलक तालिम गर्नु पर्छ भनेर त्यो बेला पैसा छुट्याइएको थियो, ।प्राविधिक रुपले त्यहाँ काम गर्न सकेन, किनभने तालिम गर्नु पर्ने तालिममा लानु पर्ने, तालिम गर्नको निमित्त पनि पर्यटनले तान्नको निम्ति त्यहाँ चिनियाँको माटोको सामान बनाउनु पर्ने भएको हुँदाखेरी त्यसको तालिमको निम्ति त्यहाँ पठाउनु पर्ने हुँदा तालिमको व्यवस्था गर्न नसक्ने गरी त्यो यथावत त्यसै रहेको छ, मैले वडो जोड गरेको थिएँ । किनभने मैले त आफ्नो कुरा यहाँ भन्नै पर्छ । म २८ सालमा आरुङखोला आउदा खेरी त्यहाँ कुमाल बसेको हो र बढी भन्दा बढी म कुमाललाई माया गर्छु । त्यो बेलामा पनि तत्काल मन्त्रीलाई मैले भनेको थिएँ यो कुमाल वस्तीलाई त्यहाँ बसाउनु पर्छ भनेर भनेको थिएँ, तर विदेशबाट तालिम लिनको निमित्त नसक्दा त्यतिकै रहेको छ र अहिले पनि त्यसलाई कसरी लाने र के गरी लाने भनेर अध्ययन गरिएको छैन । यति भन्दै सभामुख महोदय, माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनले असार २६ गते सबैलाई संवोधन गर्नु हुँदा पूर्वाधार विकास नीति तथा कार्यक्रम प्रस्तुत गर्नु हुदा र आ.व. ०७९/८० को आर्थिक बजेटको वक्तव्यमा समावेश गर्नुभएको थिएन । त्यहाँ छैन । त्यसो हुँदाखेरी तर आफ्नो विचार यथावतमा राख्दाखेरी रिर्जवमा बस्नुभएकोछ उहाँ, अर्थमन्त्री रिर्जवमा बस्नु पाउने कि नपाउने ? रहने कि नरहने ? अर्थमन्त्री जस्तो गहन जिम्मेवारी लिएको मन्त्रीले यथावत राखिएको गरी भन्ने शब्द प्रयोग गर्न मिल्छ कि मिल्दैन ? त्यो आफ्नो ठाउँमा होला, गरीमामय यो सदनमा जवाफ दिने अवस्थामा यो रोष्टममा आएर मेरो कुरा यथावत राखें, तपाईंको चाहना अनुसार म यो पैसा राख्नेछु भन्नुपर्छ । कृपापात्र हामी उहाँले दिने हाम लिने ? उहाँले भनेपछि हुने, हामी मख्ख हुने ? यही हो त प्रकृया ? त्यति मात्रै होइन सभामुख महोदय, २०७९—२—२९ गते अर्थ तथा विकास समितिको वैठक माननीय सभापति दिपक कोइरालाको अध्यक्षतामा ०७९/८० को बजेट कार्यान्वयनको व्यवस्था र आगामी आ.व. बजेट निर्माण संवन्धमा छलफल गर्न भनी गण्डकी प्रदेश सरकारका माननीय अर्थमन्त्री रामजी प्रसाद वराल जीवनजीलाई हामीले त्यहाँ आग्रह गरेका थियौं, निमन्त्रण गरेका थियौं, उहाँ आउनुभयो । कतिपय समितिको वैठकमा उहाँलाई हामीले के भनेका थियौं भने, तपाईं यो कसरी संचालन गर्नु हुन्छ ? यो साल तपाईंको बजेट विनियोजन कसरी गर्नुहुन्छ ? कसरी जान्छ भनेर हामीले त्यहाँ कुरा राखेका थियौं । कहिले भन्नुहुन्छ भने ०७९/२/१९ गते हाम्रा

अर्थ विकास समितिका माननीय सभापति दिपक  कोइरालाको अध्यक्षतमा हामीले वैठक बसेका थियौं । त्यहाँ मन्त्रीहरुको पनि त्यहाँ आमन्त्रित हुनुहुन्थ्यो । त्यहाँ उहाँले के भन्नु भयो भने कसरी संचालन गर्नु हुन्छ त भन्दा मैले विनियोजन रकम गर्दाखेरी १० लाख भन्दा तलको विनियोजन गर्दिन त्यो भन्दा माथि विनियोजन गर्नेछु भनेर वचन दिनु भाथ्यो । आज रहनु भयो त त्यो स्थितिमा, त्यो दिएको वचन पूरा गर्नुभयो ? त्यो वैठकमा मिनी सदन हो त्यो पनि अर्थ विकास समितिको वैठकमा उहाँले त्यो शब्द बोल्नुभएको । त्यहाँ अर्थ समितिको सचिवले त्यहाँ कति राख्नुभएको छ । हामी सबै जम्मा भएको बेलामा अरु मन्त्री पनि त्यहाँ हुनुहुन्थ्यो । तर आज त्यही अर्थमन्त्रीले ५, ६ लाख बजेट दिने कुरा आएको थियो तर आज कुरा आएको १० भन्दा मुनिको बजेट आउने छैन भनेर भन्नुभएको थियो । परिपक्व भयो त बोलीमा ? अर्थमन्त्री जस्तो माननीय अर्थमन्त्री ज्यूले कुन हिसावले बोल्नुभयो र कार्यान्वयन गर्न  किन सक्नु भएन, कति परिपक्व हुनु हुँदोरहेछ ? भन्न खोजेको केहो भने, जिम्मेवारी पदमा बसेपछि जिम्मेवारीको आधारमा गर्नु पर्छ भन्ने हो । अब यहाँ समय जान लागेछ । अब त्यस्तै गरेर मैले यहाँ सदनमा भन्नु पर्ने कुरा एउटा चाँडै भन्नुपर्यो । हामी प्रदेश सभा सदस्यहरु सार्वजनिक यातायातमा लोगो लगाएर हिंड्न गाह्रो भयो, चट्ट लोगो लगाएर हिंड्दा पनि तपाईं सांसद ? बावुआमा छ कि छैन ? ट्रष्ट खोल्नुभएको छैन तपाईंले ? किन नराखेको ? भन्ने प्रश्न आइरहेको छ । हामीसँग झण्डावाल गाडी छैन, गाडी केही  छैन हामी सार्वजनिक यतायातमा हिंड्नु पर्छ लोगो लगाएर हिड्दाखेरी लाज लाग्ने स्थिति। के तपाईं माननीय ३ गण्डकी प्रदेशका माननीयहरु त अब बावुआमाको श्राद्ध गर्दा पनि त्यो पैसाले गर्नेहोला भन्ने शब्द सुन्नुपरेको छ । भन्न खोजेको के हो भने हाम्रो गरीमामय पदलाई आज धरासायी पार्ने परिस्थिति भएको छ यो राम्रो भएको छैन । त्यसो त के भन्न चाहन्छु भने, सभामुखज्यू, हाम्रो यो जति पनि साथीहरुले कुरा गर्नुभएको छ यी कुरालाई वैज्ञानिक तवरमा अगाडि बढ्ने कुरामा जहाँ जहाँ यो अघिनै साथीहरुले बोलिसक्नु भएको छ एउटा वाडमा ३०–३० करोड छ भने एउटा झोलुंगे पुल चाहियो भनदा ४ वटा झोलुगे पुललाई २० लाख छुट्याइन्छ भने कहाँसम्म जायज हुन्छत ? अब धेरै कुरा बोल्न मन लाग्दा लाग्दै पनि समयले नेटो काटेको हुनाले यति कुरा तपाईं समक्ष राख्दै विदा हुन्छ । नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मन बहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मन बहादुर गुरुङ**

सभामुख महोदय, समयको लागि धन्यवाद । हामी सबैलाई थाहा छ, थाहा भएकै कुरा पनि हो । एउटा घटनालाई स्मरण गर्न चाहन्छु, मेक्सीकोको सदनमा एकजना सांसदले बोल्दा बोल्दै सबै कपडा फुकालेर नांगै निस्कनु भयो, पछि पत्रकारहरुले बाहिर गएर सोद्धा तपाईं किन नांगै निस्कनु भयो भन्दा मेक्सीकोको जनता बाहिर सबै जनता नांगै छ, म नांगै निस्कदा के हुन्छ भनेर उहाँले उत्तर दिनुभयो । त्यसकारण म त्यसलाई स्मरण गर्दै यो प्रदेश सरकार त्यहाँ त संसद मात्रै थियो यहाँ त सरकारै नांगै निस्कन लाग्यो । कतै लाज लाग्छ भने लाज छोप्नलाई टालो ल्याएर दिनुपर्छ कि ? भन्ने मलाई लाग्दछ। सभामुख महोदय, गण्डकी प्रदेश सरकारको ध्यानाकषर्ण गराउन चाहन्छु । बरु निद्रामा छ भने बिउँझिदिनुहोस्, अलि कान सुन्दैन भने कान ठाडो बनाइदिनुहोस् मैले केही सुझाव दिन मात्रै दिन खोजेको हो । फेरी सुझाव दिँदा पनि विरोधी हो, प्रतिपक्ष नै हो भनिहाल्छ तर म प्रतिपक्ष भएर सरकारलाई सबै कुरामा आलोचना गर्न खोजेको पनि होइन । मन्त्रीको बाबाआमाको नाम उच्चारण गर्नु पर्दा क्षमा याचना गर्न चाहन्छु । उहाँहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । मन्त्रीज्यूहरु गण्डकी प्रदेशको मन्त्री भइदेउ भन्न खोजेको हो, टोलको होइन के, वडाको होइन । मन्त्रीहरु टोल त्यति प्यारो वडाको प्यारो होइन के गण्डकी प्रदेशको प्यारो भइदिनुस् । समाजमा भएको विकृति र विभेदको अन्त्य गर्ने सरकार भइदिनुहोस् मेरो सुझाव छ तपाईंहरुलाई। गरीविको रेखामुनि भएको जनताको अवस्थालाई उकास्ने काम गरिदिनुहोस्, पछौटेपनालाई हटाएर सभ्य नागरिक बनाइदिने तर्फ सरकार उन्मुख हुनुहोस्, मेरो सुझाव छ । सुकुम्वासी समस्यालाई समाधान गर्ने गरी सरकार अघि बढोस् । दिगो विकासको १७ वटा लक्ष्य र ९९ वटा सहायक लक्ष्यलाई पूरा गर्ने गरी अगाडि बढ्नोस् मेरो आग्रह छ। फेरी पनि म सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु, तेलको भाउ बढेको त सरकारले सुनेको छ होला नि । दिनमा २०—२५ पटक बत्ती गएको त सरकारले पक्कै देखिराखेको छ होला नि । बत्ती त जनतालाई मात्रै होइन सरकारलाई पनि गएको होला । कालो बजारीहरु बढेको, व्यापारीहरु लोन नपाएको हुन त सभामुख मार्फत म संघीय सरकारलाई पनि सुझाव दिनु चाहन्छु । बजेट बनाउने हैसियत छैन भने बरु सरकार छोड्नोस्, विदेशी ल्याएर बजेट बनाउने तर्फ नलाग्नोस् मेरो

सुझाव छ । तर सुझाव दिँदादिँदा पनि विडम्वना, घाटा बजेट ल्याएको गण्डकी प्रदेश सरकार, कर बढाएको गण्डकी प्रदेश सरकार, कर लिएर विकास रोकिएको गण्डकी प्रदेशको सरकार, बाआमाको नाममा ट्रष्ट क्या विडम्वना हो । बरु ट्रष्टनै बनाउन मन लाग्छ भने त गण्डकी प्रदेशको ५८—६० जना माननीय सांसदसँग बरु १ महिनाको तलव माग्नुस् न खुशीसाथ दिउँला, होइन भने जनताको कर उठाएर, जनताकलाई घाटा बजेट ल्याएर यो बाआमाको नाममा ट्रष्ट बनाउने काम कदापी सैह्य हुदैन सभामुख महोदय । त्यतिमात्र होइन, विद्यार्थीहरु स्कूल जान पाएको छैन, पुल भत्केको छ, बाटो अवरुद्ध छ, झोलुंगे पुलहरु वर्षाले वगाइदिएको छ, तर आफू संरक्षक भएर आफ्नो श्रीमानलाई अध्यक्ष बनाएर, अक्षय कोष खडा गर्ने ? भन्ने बेलामा संघीय दैन, यो गठवन्धन तोड्नु भनेको संघीयता धरापमा पार्ने हो भन्ने ठान्छु म । जेठाजुको नाममा ट्रष्ट के हो सरकार ? छानविन गरौं सभामुख महोदय, अरु पनि छ कि ? अरु माननीयहरुले पनि आफ्नो श्रीमतीको नाममा, जेठाजुको नाममा, बाआमाको नाममा कुनै त्यस्तो खालको ट्रष्ट, जनताको कर जनतालाई ढाड सेकेर बाआमाको नाममा इष्टमित्रका नाममा अक्षयकोष खडा गरिन्छ, ट्रष्ट खोलिन्छ भने यो गण्डकी प्रदेशमा प्रतिपक्ष चुप लागेर बस्नेवाला छैन। आदरणीय सभामुख महोदय, म दावाका साथ भन्न चाहन्छु, चुनौतिका साथ भन्न चाहन्छु, एउटा विज्ञप्ति फालेर नैतिकताको जिम्मेवारी लिएँ भन्न मिल्दैन । यदि नैतिकता छ भने यो सरकारसँग नैतिकता छ भने, यो सरकारसँग जनता प्रति उत्तरदायी छ भने, जनता प्रति संवेदशील छ भने यो रोष्टममा आएर यो सरकारले राजिनामा दिनुपर्छ सभामुख महोदय। भन्ने बेलामा सिंगापुर बनाइदिनेछु तर व्यवहार श्रीलंकातिर जाँदैछ, श्रीलंकातिर बनाउने हिंड्न खोज्दैछ के हो सरकार ? यो विरोधको लागि विरोध होइन, म मन्त्रीज्यूहरु, मुख्यमन्त्रीसँग चुनौति दिन चाहन्छु, यदि तपाईंहरु त्यो ट्रष्ट बनाउन पैसा दिन चाहन्छ भने विगतको अषाढ १ गतेको वर्षाले पहिरो गएको जनताको आँसूले तपाईंलाई हेर्नेछ, मैले बारम्वर यो सदनबाट बोल्दैछु, भन्दैछु, ६५० घर अहिले पनि बिजुली एउटै मिटरबाट बिजुली बालिराखेको छ । बाटो बन्दछ, म जाने ठाउँमा बाटो छ, मेरो घरमा जाने ठाउँमा बन्दछ । पटक पटक कराउँदा पनि विचार राख्दा पनि डेलिकेसन जाँदा पनि बेवास्ता गरेर १ पैसा बजेटमा नछुट्याएर, बाआमाको नाममा ट्रष्ट, अक्षयकोष खडा, लाज लाग्दैन, घिन लाग्दैन यो सरकारलाई ? त्यसकारण त्यति मात्र होइन, के बनाउन खोजेको हो, के गर्न खोजेको हो ? बाँदर व्यवस्थापन गर्नु पर्छ भने म अगाडि बढ्न तयार छु, तर स्कूल पढ्न जाने विद्यार्थीहरुले बाटो पाएको छैन बाँदरलाई

पार्क ? खोइ तपाईंको १ विद्यार्थी १ नर्स कहाँ गयो ? नीति कार्यक्रममा त आएको थियो त नीति कार्यक्रममा हेर्छु त देखिदन त । १८४ ठाउँमा डाक्टर चाहिन्छ खोई त देखिदन त ?

सभामुख महोदय, मुलुक कता जाँदैछौं त्यतिकै भनेको होइन । यो हावादारी बजेट, गैह्र जिम्मेवारी बजेट ल्याउन खोज्दैछ सभामुख महोदय । तपाईंहरुले यो ५ गठवन्धनले देशलाई कहाँ लाँदैछ यो देशलाई ? पूर्वाधारको त के कुरा गर्ने ? मैले अघिनै भने गण्डकी प्रदेशको मन्त्री बन्दिनुहोस्, भावी मुख्यमन्त्री बनोस् तर टोलको मन्त्री बनाउने हैसियत छोड्नुस् । अनि ५०,७० करोड एउटै वाडमा राखेर ८५ गाउँपालिकालाई ७० करोड एउटै वाडमा राखेर, सभ्य जनतालाई सभ्य नागरिक बनाउछु भन्ने, समृद्ध नागरिक बनाउछु भन्ने कहाँबाट आयो यस्तो खालको ? घिन लाग्दैन, लाज लाग्दैन ? हामी सबैको मन्त्री हो तर टोलको मन्त्री बनाउन रुचाउँछ भने मेरो भन्नु केही छैन । त्यसकारण मैले त्यसको बारेमा मैले यो बजेट रातो किताव त ठेक्का परिसकेको, ठेक्कामा गइसकेको, मेरो विचारमा रातो किताव त कतिपय पन्ना त छैन होला जस्तो पर्नि लाग्छ। हुनत माइकको व्यवस्था गर्ने प्रदेश सरकारलाई हामीले के कुराको आशा गर्ने हो ? कहिले कहिले हिनताबोध पनि लाग्छ हो । के गर्न खोज्दैछ, कहाँ जान खोज्दैछ ? यो सदनमा यसरी बोल्ने मेरो कुनै मनसाय थिएन । यो सदन साँच्चिकै रुपमा गण्डकी प्रदेशको सुनौलो भविष्यको वहस गर्नु पर्ने थलो हो । बाआमा स्वर्गमा गइसक्योको बाआमाको चर्चा गर्ने थलो होइन । इतिहासको कुरा गर्ने हो भने, यहाँ सबै एउटा इतिहासको बोकेको छलाङ हुन सक्छ, विद्वान माननीयज्यूले गर्न खोजेको होइन । यो लोकतन्त्र ल्याउने कुरामा, मुलुकलाई यहाँसम्म ल्याउने कुरामा सबैको योगदान होला तर कसैको नाममा ट्रष्ट, कसैको नाममा अक्षयकोष, कसैको नाममा विभिन्न खालको । यो छानविन गरौं म सभामुख मार्फत प्रदेश सरकारलाई अनुरोध गर्छु । यो छानविन गरियोस् । भन्नेबेला मा भ्रष्टाचार गर्नु पर्छ भन्ने अनि जेठाजुको नाम, अनि आफू संरक्षक हुने ? अनि आफ्नो श्रीमान अध्यक्ष भएको नाममा पैसा लाने रु यही हो संघीयता दैन भन्ने। त्यसकारले अब युवा खेलकुद सम्बन्धमा त हामी सबैलाई थाहा छ, हजारौं हस्पिटल बनाउनु भन्दा त एउटा रंगशाला बनाउनु पर्छ होइन रु मेरो विचारमा मन्त्रीज्यू त्यसैमा लाग्नुभएको होला । यो रोग लाग्नु भन्दा रोग लाग्नै नदिनु तपाईं हामी सबै सचेत हुनुपर्छ भन्ने कुरामा हामी सबै सचेत छौं, त्यसलाई धेरै भनिराख्नु

पर्दैन । तर प्राथमिकता दिएको भूमि बजेट कति होला म त दंग खान्छु हो । हस्, धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो वैठक मिति २०७९ साल असार २८ गते विहान ११ बजेसम्मको लागि स्थगित हुन्छ ।